The chart is regularly dated from the palace of kailasakuta; but by a single exception so far the new royal palace is celebrated with emphasis in a long compound that precedes the name; it is the object in view of all the curious looks of the whole universe.

The new administration is not too proud to affirm its popularity. Amcuvarman declares himself "occupied and preoccupied with the happiness and welfare of his subjects." It is a compliment that he does not fail to give himself as instance Harigaon 1,1,1;11,1. 22 He proclaims himself"the favourite worshipper of Pacupati and the continuous object of the thoughts of his adored father" (Bhagvat Pucupatibhattarakapadanugrhito bappapadanudhyatah). In the year 30 (Harigaon 1,1,2) on the morrow of his usurpation he combined the terms differently; he was then "the continuous object of the thoughts of the worshiped Lord, Pacupati; and the adopted child of his adored father (bh Pac bhatt' padanndhyato bappapadaprigrhitah; the inscription of asadha 32 at Harigaon (11,1.2-3) has a discrepancy in the corresponding passage; but our inscription proves that from that very year was constituted the difinitive wording that continued henceforth in the protocol (Bendall, year 34, 1.1–2; Bhag. 6 year 34,1.1–2; Bhag. 7 year 39,1.4–5).

I have already brought to notice as regard another inscription, the importance of the mention of the dutaka Vikramasena, in the title of sarvadhndanayaka and of rajaputra. The same personage figured with the first of these titles in Bhag. 4, samvat 535. It appears well that these inscriptions cannot be separated nor can this personage be divided.

The inscription is dated samvat 32 in the month of bhadrapada; it is then posterior by two months to Harigaon 11. The date is immediately followed by an indication that I cannot explain. The stamping appears to show tasya gandac ca karaniyam but the last word only is absolutely certain; the hand-written copy shows tisya gatagakaraniyam. The words tisya and ganda; if the reading is correct, suggest an interpretation of an astronomical order, but the grammatical construction the neuter karaniyam is impossible. The copy shows a punctuation after "karaniyam" but the sketch of the stamping evokes rather a significant symbol and the anusvara of yam would not justify itself in the position of the absolute final syllable I have borrowed from the copy the two letters viji (of the word vijitani) of which nothing exists on the stamping.

Text.

1. k--lankara-- drecvara... ...pavanavyasta...
2. pratya... ... ... raciromanlabha ... ... at... ... ...

(etc., see page 99 and 100)

Translation

(to the above)

(1–4)... ... ... the ornaments ... ... lord... ... ...scattered by the wind the crown of his head ... ...thrown very high from his lap... ... ... blood, an elephant's skin for tunic let it protect you in that form the daughter of the Snow–Mountains... ... ...

(5-11) Greeting, Such as a grain of beauty on the face of the earth, the curious multitude does not wink in looking at the palace of Kailasakuta. It is from there that, always occupied and preoccupied with the welfare of my subjects he whom the holy Pacupati, adored Lord, favours, he, whom his worshipped father follows in thought, the great marquis Amcuvarman in good health addresses himself to the masters of houses residing in the village of Sanga, according to to the hierarchical order and wishes them good-day. Know this:

(11-14) The... ... ... the... ... the twelve pots of oil the materials from you this source of suffering from to-day I grant you this abatement. By virtue of this decision, you will no longer be required to give anybody materials or oil.

(14-16) And the kings to come must respect the privilege established by their royal predecessor.

Direct order.

The delegate is here the general-in-chief the rajaputra Vikramasena.

(17-19) Samvat 32, month of bhadrapada, clear fortnight and the-- is the concern.

It is here the province of the jurisdiction of Ganga.

नेपालको १.१ करोड वर्षअघिको रामनरवानर– नेपिथेकस्को सन्दर्भमा आदिमानवको उद्गम र उद्गमस्थल

–केदारनाथ प्रधान

विषय प्रवेश

विश्वको मानव इतिहासको सम्बन्धमा भएका वैज्ञानिक खोज र अनुसन्धान अनुसार विश्वका सबै प्राणीहरू एक आपसमा सम्बन्धित वा टाढा तथा निकटका सहोदर हुन् । जलचर प्राणी वा माछा आज देखिने सबै सरीसृप (Reptiles), स्तनपायी (Mammals) र पंक्षी समेतका पुर्खा हुन् । आजभन्दा करीब १.५ अरब वर्षदेखि आल्गीय (Algae) जस्ता जीव र वनस्पति भनी छुट्याउन नसकेका प्राक्कोशीय वा अकोशीय जीवाणुको श्रृङ्खलाबाट आजभन्दा करीब ५७ करोड वर्षअघि जीवको प्रादुर्भाव हुन गएको हो । जीव र अजीवको दोसाँध मानिने र पानीमा पाइने मोनेरा (Monera), प्रोटिष्टा (Protista), वैक्टेरिया (Bacteria) आदिलाई जीवाणु मानिन्छ । जीवाणुबाटै एककोशीय र बहुकोशीय जीवको विकास हुँदै आजभन्दा करीब ५७ करोड वर्षअघि स्पष्ट जीवको प्रादुर्भाव भएको मानिएको छ । जलचर प्राणीबाटै परिवर्तनका दुई चरणहरू-परिमाणात्मक (Quantitative) र गुणात्मक (Qualitative)–हुँदै आजभन्दा करीब ३९.५ करोड वर्षअघि माछाजन्य जलचर प्राणी (Jelly fish) र यसैबाट विकसित हुँदै पछि ३२ करोड वर्षअघि माछाको प्रादुर्भाव भएको मानिन्छ । मानव र अन्य पशु जगत् एउटै पुर्खा–जीवका सन्तति हुन् भन्ने सामञ्जस्यको साथ–साथै मानव र पशुबीच रहेका भेदलाई पछिल्ला खोज र अनुसन्धान एवं शरीर–रचना विज्ञानको आधारमा गरिएको तुलनात्मक अध्ययनबाट मानवलाई पशु जगत्बाट भिन्न र उच्च विकसित जीव हो भनी मान्न थालियो । विश्वका विभिन्न भागमा प्राप्त सरीसृप (Reptile), स्तनपायी (Mammal) र सो मध्येकै वानर वर्ग (Primates) एवं प्राङ् मानवका अवशेषहरूको अध्ययन र अनुसन्धानपछि स्तनपायी (Mammal) मध्येकै विकसित मानिने वानरबाट नै मानवको विकास भएको हो । प्राप्त अवशेषहरूको आधारमा देखिएका वानर र मानव बीचको करीब २ करोड वर्षको अवधिमा एउटा जीव (वानरभन्दा उच्च विकसित र मानवको आकृतिसित मिल्ने) लुप्त (Missing) रहेको भनी अनुमान गरिएकोमा १९३० ई. देखि यता प्राप्त भएका वानर र मानव दुवैको आकृतिसित मिल्ने र वानरभन्दा विकसित र मानवभन्दा पिछडिएको जीव, जसलाई रामनरवानर (Ramapithecus) भनी नामकरण गरिएको छ, त्यसलाई उक्त लुप्त रहेको श्रृङ्खला (Missing Link) जीव भनी मानिएको छ ।

अमेरिकी विद्वान डा. जेन्स् मुन्थे (Dr. Zanes Munthe) को नेतृत्वमा नेपाल–अमेरिकी संयुक्त वैज्ञानिक अभियान दलले नेपालमा १९८० ई. मा लुम्बिनी अंचलको बुटवलमा तिनाउ नदीको दायाँ किनारामा आजभन्दा करीब १.१ करोड वर्षअघिको भनी अनुमान गरिएको एउटा जीवको दाँतको एउटा अवशेष पाइएको छ र यस जीवलाई रामनरवानर (Ramapithecus) कै श्रेणीको भनी मानिएको छ। यही समयदेखि नेपालमा मानवको उद्गमसम्बन्धी प्राग् ऐतिहासिक अध्ययनको प्रारम्भ भएको देखिन्छ। यसपछि नेपालमा आदिमानवको उद्गम र उद्गमस्थल संग–संगै नेपालको पूर्व–पश्चिम, उत्तर–दक्षिण, तराई, भित्रीमधेश, मध्य पहाडी भू–भाग, उपत्यका र हिमालयको फेदीतिर यसअघि र पछि पाइएका प्राङ मानवले प्रयोग गर्ने गरेका भनी अनुमान गरिएका ढुङ्गाका हतियारका अवशेषहरूको आधारमा नेपालमा प्राङ मानवहरूको अध्ययन पनि अघि बढ्न थाल्यो। हालसम्म मानवको विकाससम्बन्धी अध्ययनको लागि सबैभन्दा प्रामाणिक आधार मानिने अस्थि–अवशेष बुटवलको यही एउटा मात्र पाइएको छ र अन्य प्राङ मानवको अस्थि–अवशेष हालसम्म कतै पनि पाइएको छैन।

प्रस्तुत अध्ययनमा रामनरवानर (Ramapithecus) लाई केन्द्रबिन्दू बनाई विश्वमा आदिमानवको उद्गम कसरी भयो ? आदिमानवको पुर्खा को हुन् ? आदिमानवको उद्गम कहाँ भयो ? वा आदिमानवको उद्गमस्थल कुन हो ? र नेपालमा यी प्रश्नहरूको संबन्धमा के–कस्ता अध्ययनहरू भएका छन् र नेपाली रामनरवानर (Ramapithecus)को के–कस्तो स्थान रहेको छ ? भन्ने प्रश्नहरूबारे चर्चा गरिनेछ। सन्दर्भवश हालसम्म नेपालमा देखिएका प्राङ मानवहरूबारे पनि उल्लेख गरिनेछ।

मानव विकासको दृष्टिले महत्त्वपूर्ण मानिने वानरवर्ग (Primates) र दक्षिणी नरवानर (Australopithecus) को अस्थि–अवशेष मात्र होइन, कुनै पनि प्राङ मानवको अस्थि–अवशेष पाइएको छैन। दक्षिणी नरवानर (Australopithecus) लाई छोडी रामनरवानर (Ramapithecus) देखि नेपालको बर्दिया, नवलपरासी, काठमाडौं उपत्यका, ताप्लेजुङ, मोरङ्ग, उदयपुर, रामेछाप, काभ्रेपलान्चोक, चरिकोट, मकवानपुर, गोरखा, दाङ्ग, पाल्पा आदि स्थानमा पाइएका ढुङ्गाका हतियारहरूको आधारमा प्रस्तुत अध्ययनमा आदिमानवको उद्गम र उद्गमस्थलबारे अन्य मुलुकका अवशेषहरू एवं अध्ययनसित जोडी चर्चा गर्ने प्रयत्न गरिएको छ। कतिपय लेखकका विचारहरू यहाँ यी पंक्तिका लेखकको जस्तो पनि देखिन सक्छन्। यी पंक्तिका लेखक सन्दर्भ ग्रन्थ सूचीमा दिइएका पुस्तक र पत्रिकाका लेखहरूका लेखकहरूप्रति आभारी रहेको छ। सन्दर्भ सामग्रीमा नेपाली सामग्रीहरू थोरै देखिए पनि हालसम्मका कतिपय विद्वान्का भनाइ नेपाली लेखकका देखिन सक्ने पनि हुन्छ।

१. अध्ययनको उद्देश्य र सीमा

माथि परिचय अन्तर्गत प्रस्तुत अध्ययनको चर्चाको विषय उल्लेख गरिए अनुसार वानरको सन्तति मानव र वानर बीचको लुप्त शृङ्खला (Missing Link) जीव रामनरवानर (Ramapithecus) रहेकोले यसको उद्गम, मानवको विकासमा यसको स्थान, यस जीवबाट मानवको विकास, विश्व आदिमानवको उद्गमस्थलबारे चर्चा गर्ने उद्देश्य रहेको छ। यसको साथै नेपालमा यससम्बन्धी पूर्व अध्ययनको साथै सन्दर्भवश नेपालको मानव विकासबारे पनि उल्लेख गरिनेछ।

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य रामनरवानर (Ramapithecus) आदिमानवको उद्गम र उद्गमस्थलबारे चर्चा गर्नु रहेकोले यसमा जीवको उत्पत्तिदेखिको शृङ्खलाबद्ध चर्चा गरिने छैन र वानरदेखिको शृङ्खलाबारे भने स्पष्ट हुनको लागि संक्षिप्त रूपमा चर्चा गर्ने प्रयास गरिनेछ। यसरी चर्चा गर्दा नेपालमा प्राप्त भएका सीमित अवशेषलाई अन्य मुलुकमा पाइएका अवशेषहरू र सो सम्बन्धी अध्ययनसित जोडेर चर्चा गरिनेछ। आदिमानवको उद्गम र उद्गमस्थलसम्बन्धी हालसम्मका पूर्व अनुमानहरूबारे यथासंभव चर्चा

गरिए तापनि नेपाली सन्दर्भबारे स्रोतको कमीको कारण संक्षिप्त रूमा मात्र चर्चा गरिनेछ। नेपालमा भएको मानवको विकासको सम्बन्धमा प्रस्तुत लेखमा चर्चा गर्दा विस्तृत हुने र यो छुट्टै अध्ययनको विषय भएको हुनाले यहाँ सन्दर्भवश मात्र उल्लेख गरिनेछ। हालसम्म नेपालमा भएको पूर्व अध्ययनलाई संक्षिप्त रूपमा सकेसम्म अध्ययनको प्रकृति समेतलाई ध्यान दिई वैज्ञानिक दृष्टिकोणको आधारमा चर्चा गरिनेछ।

प्रस्तुत अध्ययनमा स्रोत–सामग्रीको रूपमा नेपालमा खोज र अनुसन्धानबाट प्राप्त भएका अवशेष, यसका सम्बन्धमा हालसम्म भएका अध्ययन, यस सम्बन्धी विभिन्न पत्र–पत्रिकामा प्रकाशित लेखहरू, र नेपालभन्दा बाहिर विभिन्न मुलुकहरूमा पाइएका अवशेषहरू, तिनको अध्ययन र मुख्यतया नेपालको नजिक रहेका मुलुकहरू भारत, चीन र पाकिस्तानमा प्राप्त रामनरवानर (Ramapithecus) र प्राङमानवका अवशेषहरू एवं सोसम्बन्धी अध्ययनलाई लिइएको छ। उपर्युक्तमध्ये खास गरी, एशिया महादेश र त्यसमा पनि छिमेकी मुलुकहरू चीन र भारतलाई विशेष प्राथमिकता दिइनेछ।

२. पूर्व अध्ययन

१९८० ई. डिसेम्बरमा लुम्बिनी अञ्चलको बुटवलमा तिनाउ नदीको दायाँ किनारामा डा. जेन्स् मुन्थे (Dr. Zanes Munthe) को नेतृत्वमा (यसमा नेपालका विष्णु डंगोल सामेल थिए) नेपाल तथा अमेरिकी वैज्ञानिक संयुक्त अन्वेषण दलले उत्खनन् गर्दा पहरामा टाँसिएको रामनरवानर (Ramapithecus) को माथिल्लो बायाँ बङ्गाराको एउटा दाँतको अवशेष फेला पारेपछि नेपाली इतिहास जगत्मा यसले एउटा हलचल पैदा गऱ्यो। आजभन्दा करीब १.१ करोड वर्षअघिको भनी अनुमान गरिएको यस अवशेषलाई "नेपालमा मानवको संभावित पुर्खा र एशियाको जेठो" भनी अनुमान गरियो र नेपालका प्रमुख समाचार–पत्रहरू दि राइजिङ्ग नेपाल र गोरखापत्र[1]–ले समाचार प्रकाशनमा ल्याएपछि नेपाली इतिहास जगत्मा खुल्दुली पैदा गऱ्यो र खोज र अध्ययन प्रारम्भ हुन गयो।

बुटवलको उत्खननको समाचार प्रकाशित भएपछि नेपाली इतिहास जगत्मा चर्चा–परिचर्चा चले तापनि जाने–मानेका नेपाली इतिहासकारहरूले आफ्ना प्रतिक्रियाहरू प्रकाशमा ल्याउने काम नगरी मौनता साधेको पाइएकोले यसले नेपाली इतिहास जगत्को दरिद्रतालाई संकेत गरेको आभास हुन आउँछ। ऐतिहासिक युगका झिना–मसिना अवशेष पाइएपछि सोको समाचार पत्र–पत्रिकाहरूमा तुरून्तै प्रकाशित हुने तर प्राग् इतिहासको सम्बन्धमा एशिया महादेश एवं विश्वमै महत्त्वपूर्ण स्थान राखेको यस अवशेषबारे केही चाईं–चुईं नहुनुले प्राग् इतिहासको क्षेत्रमा नेपालको दरिद्रता रहेको अनुमान गर्नु अत्युक्ति मान्न सकिंदैन।

यसअघि इतिहासविद् वा पुरातत्त्वविद् वा पूरा मानवशास्त्री भनी प्रकाशमा नआए तापनि जनकलाल शर्मा र निरीश नेपालले नेपाली रामनरवानर (Ramapithecus) बारे आफ्ना विचार प्रकाशमा ल्याएका छन्। नेपालको पुरातत्त्व विभागका प्रधान अनुसन्धान अधिकृत रहेका (हाल अवकाश प्राप्त) जनकलाल शर्माले सर्वप्रथम "नेपालमा मानव जातिको पुर्खा" (१९८१ ई.)[2] र त्यसपछि "नेपाल: मानव विकासको दृष्टिमा" (१९८३ ई.)[3] शीर्षकका रचनाहरू, त्यसअघि यससम्बन्धी सामान्य मात्र उल्लेख भएको पुस्तक (१९८२ ई.)[4] र पछि मानवको उद्गमसम्बन्धी चर्चा गरिएको "सेवेन्टिन् मिलियन्–इएर–ओल्ड प्राइमेट्

[1] दि राइजिङ्ग नेपाल–मार्च २७, १९८१ ई., गोरखापत्र–२०३७ वि. सं. चैत्र १४ शुक्रबार

[2] प्राचीन नेपाल–श्री ५ को सरकार, पुरातत्त्व विभाग, संख्या ६१–६४ डिसेम्बर १९८०, जुलाई १९८१ पृष्ठ. १–१५।

[3] गरिमा–साझा प्रकाशन, काठमाडौं, वर्ष १ अंक ५, २०४० वि. सं. (१९८३ ई.)।

[4] हाम्रो समाज एक अध्ययन–साझा प्रकाशन, काठमाडौं, प्रथम संस्करण १९८२ ई. (२०३९ साल), पृष्ठ २२–२३

फोरिल्स् कूड् बी लिंक् बिट्वीन् मैन् एण्ड एप् (17 Million-year-old Primate Fossils could be Link Between Man and Ape. १९८४ ई.) शीर्षकको रचना[5] प्रकाशित गरेका छन् । निरीश नेपालको "दि रामापिथेकस्" (The Ramapithecus, १९८२ ई.)[6] शीर्षकको लेख पनि प्रकाशित भएको छ । त्यस्तै यससम्बन्धी उल्लेख भएको यी लेखकको एउटा पुस्तक[7] र "नेपालको प्रागैतिहासिक अध्ययन", र "नेपालको प्राग् इतिहासका स्रोतहरू" (१९८७ ई.)र "पृथ्वीको उत्पत्ति र विकास" शीर्षकका लेखहरू[8] पनि प्रकाशित भएका छन् ।

यसअघि राणाकालको उत्तरार्द्धमा धार्मिक आस्था भएका राष्ट्रवादीहरूद्वारा भारतमा बृटिश औपनिवेशिक शासनको विरोधमा राष्ट्रिय गाथा-गौरवको खोजको सिलसिलामा बाल गंगाधर तिलक आदिले "उत्तरी ध्रुव" र भारतखण्ड" एवं "हिमालय" लाई जन्मथलो वा जन्मभूमि भनी आदिमानवको उद्गमबारे मत व्यक्त गरे जस्तै नेपालका राष्ट्रवादी भीमभक्तमान सिं बस्नेत (काञ्चेपलाञ्चोक) आदिले हिमालयलाई "सृष्टिको मुहान" (१९५६ ई.)[9] भनी अनुमान गरेको पनि पाइएको छ । हिमालय मात्र होइन, सगरमाथालाई नै "आर्यहरूको जन्मथात"[10] भनी वेदको आधारमा आदर्शवादीहरूले मानेको पाइए तापनि यससम्बन्धी खोज र अनुसन्धान भएको छैन । वेद र पुराणको आधारमा आदर्शवादी दृष्टिकोण अनुसार गरिएको उक्त अनुमानलाई हाल नेपालमा उक्ति जस्तै मानिएको देखिए तापनि यससम्बन्धी अध्ययन र चर्चा प्रागैतिहासिक आधारमा भएको पाइएको छैन । तर जनकलाल शर्माको पछिल्लो रचना (१९८३-८४ ई.) मा सगरमाथा क्षेत्रलाई आदिमानवको उद्गमस्थल हुनसक्ने अनुमान भने विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको हिमाल महालंगुरको नाम "लंगूर" नामक वानर प्रजातीको नाममा रहेको संभावनाको आधारमा उल्लेखनीय देखिन्छ, यसबारे पछि चर्चा गरिनेछ ।

२.१ पूर्व अध्ययनको प्रकृति

शुरूमा जनकलाल शर्माले अमेरिकी विशेषज्ञ डा. जे. एच. हट्चिशन् (Dr. J. H. Hutchison) ले १.१ करोड वर्षअघिको भनी गरेको अनुमानको आधारमा नेपाली रामनरवानर (Ramapithecus) लाई "नेपालमा मानवको संभावित पुर्खा" र "एशियाको जेठो" भनी मान्न पुगेका र यसै आधारमा नेपालमा मानवको विकासको सम्बन्धमा नवलपरासी जिल्लाको दन्द्रा नदीको किनारको कोटटाँडी (१९६८ र १९७८ ई.) र काठमाडौं बुढानीलकण्ठको धोबीखोलाको किनारमा प्राप्त भएका प्राङमानवका अवशेष (ढुंगाका हतियारहरू, १९७८ ई.) को आधारमा चर्चा गर्न पुगे । उनको यस अध्ययनले यसअघि (१९७८ ई सम्म) का अवशेषहरूको आधारमा नेपालमा मानवको विकासका सम्बन्धमा भएको अध्ययनमा बुटवलको अवशेषले अरू बढी प्रष्टता देखिए तापनि १९८२ ई. मा आएर पूर्व उल्लेख गरिएको पुस्तकमा मौन जस्तो रहेको देखिएकोले पछि आफ्नो पूर्व अध्ययनमा विश्वस्त वा दृढ नरहेको हो कि जस्तो अनुमान हुन्छ । उनी सेवारत रहेको

---

[5] प्राचीन नेपाल- पूर्ववत्, संख्या ७९, डिसेम्बर १९८३ ई.-जनवरी १९८४ ई., पृष्ठ १२-३२ ।

[6] रोलम्बा- जोशी रिसर्च इन्स्टिच्यूट, वर्ष २ अंक १, जनवरी-मार्च १९८२ ई., पृष्ठ १३-१७ ।

[7] प्रधान, केदारनाथ-नेपाली इतिहास लेखनबारे, प्रधान प्रकाशन, बनेपा, प्रथम संस्करण १९८५ ई. (२०४२ वि. सं.) ।

[8] वर्तमान नेपाल (केन्द्रबिन्दुका लागि) काठमाडौं, वर्ष ३ अंक ३ र ४, १९८७ ई. (वि. सं. २०४४) ।

[9] बस्नेत, भीमभक्तमान सिं-नेपालको ऐतिहासिक झलक ।

[10] प्रपन्नाचार्य, डा. स्वामी-वेदमा के छ ? (अग्नीमीले) प्रशान्त प्रकाशन, वाराणसी, द्वितीय संस्करण, १९८६ ई. (२०४३ वि. सं.), पृष्ठ ६२ ।

(तत्कालीन) पुरातत्त्व विभागका एकजना अधिकृत (श्रीमती ऋद्धि प्रधान) ले चीनको राजधानी पेइचिङ्ग (Beijing) र सियान (Xian) मा भएको एशियामा पुरातात्त्विक अध्ययन विषयक एउटा अन्तर्राष्ट्रिय गोष्ठी[11] (१९८३ ई. अगष्ट) मा नेपाली रामनरवानर (Ramapithecus) लाई "विश्वको माहिलो" र "एशियाको जेठो"[12] भनी नेपालको औपचारिक प्रतिनिधिको हैसियतले धारणा व्यक्त गरेको पाइएको छ। माथि उल्लेख गरिएको पछिल्लो रचनामा उनले चीन, भारत, पाकिस्तान, अफ्रिका र युरोपीय सन्दर्भको अतिरिक्त जीव विकास एवं भूगर्भ विज्ञान समेतको अध्ययनको आधारमा नेपाली रामनरवानर (Ramapithecus) बारे उनी पहिलेभन्दा बढी स्पष्ट रहेको देखिएको र नेपालको सगरमाथा क्षेत्रलाई आदि-मानवको उद्गमस्थलको रूपमा अनुमान गरेको पनि पाइएको छ। उनले चीनको अध्ययनमा रामनरवानर (Ramapithecus) लाई मानवको संभावित पुर्खा मात्र मानेको र यसबाट मानवको विकास भएको कुरा विवादास्पद रहेको सम्बन्धमा उल्लेख गरेका छैनन्। "नेपालमा मानव जातिको पुर्खा" लेखमा रामनरवानर (Ramapithecus) को समयकाल निर्धारण गर्ने विधिहरूका सम्बन्धमा चर्चा गर्नुको साथै नेपिथेकस् (Nepithecus) बारे अन्य अवशेषहरूको अध्ययनको साथै नेपाली सन्दर्भसित जोडेर चर्चा पनि गरेका छन्। उनको यो प्रारम्भिक कार्य मूक-दर्शक जस्तै रहेको नेपालको इतिहास जगत्मा महत्त्वपूर्ण मान्नुपर्ने जस्तो देखिन्छ तापनि 'प्राचीन नेपाल' (संख्या ७९) मा उनले सन्दर्भ सामग्री सूचीमा लामो सूची दिई अनेक पुस्तकका लामा अंशहरूको स्रोतको उल्लेख नगरी जस्ताको तस्तै दिएको कारण हाम्रो अध्ययन अपूर्ण र अव्यवस्थित जस्तो देखिएको छ। निरीश नेपालले भारतमा पाइएको रामनरवानर (Ramapithecus) को अवशेषको अध्ययनसित जोडेर भारतको सिवालिक (चुरे) र नेपालको चुरे इलाकालाई यसको विचरण थलोको रूपमा अनुमान गरी यस जीवलाई मानव वंशावलीको लुप्त श्रृङ्खला (Missing Link) र "एशियाको जेठो" र "विश्वको माहिलो" मानेका छन्। साथै नेपालको दन्दा नदीको किनार कोटटाँडीका हतियारहरूको नेपालको बुटवल रामनरवानर (Butwal Ramapithecus) सित वास्तवमा कुनै सम्बन्ध रहेमा नेपालमा मानवको पहिलो संभावित पुर्खा मात्र होइन, आदिमानवको उद्गम (Appearance) पनि हुन सक्ने[13] संभावनाको समेत उल्लेख गरेका छन्। यी पंक्तिका लेखकले आफ्नो पूर्व उल्लेखित पुस्तक (१९८५ ई.) मा सामान्य उल्लेख[14] र अर्को पुस्तक[15] मा विस्तृत रूपमा चर्चा गरेको छ, जसको आधारमा प्रस्तुत अध्ययन तयार भएको छ।

रचनामा पछिल्ला खोज र अनुसन्धान अनुसार टर्कीको रामनरवानर (Ramapithecus) को अवशेषलाई विश्वको पहिलो र यस जीवलाई मानवको पुर्खा रहेको सम्बन्धमा विवाद रहेकोबारे उल्लेख नभएको र निरीश नेपालको रचनामा यी कुराहरूको साथै आदि-मानवको उद्गमस्थलसम्बन्धी भारतको सिवालिक क्षेत्र र नेपालको बाहेक अन्य स्थानको (केन्यालाई छोडी) उल्लेख गरिएको छैन। जनकलाल शर्माले आफ्नो पूर्व अनुमान र बीचको मौनताबारे पछि उल्लेख गरेका छैनन्।

नेपालको प्राग् इतिहासको क्षेत्रमा सारै नै कम कार्य भएकोमा यी अध्ययनहरूले यस क्षेत्रको कमीलाई थोरै मात्रामा नै भएपनि पूरा गर्ने पाइला चालेको मान्नु पर्दछ। यसअघि नेपालको बौद्धिक जगत्मा समेत

[11] यसमा एशियाका १० यूनेस्को सदस्य राष्ट्रहरू सहभागी थिए।

[12] पेइचिङ्ग रिभ्यू- पेइचिङ्ग, चीन, वर्ष २६ अंक ४४, १९८३, ३१ अक्टोबर, पृष्ठ २२।

[13] नेपाल, निरीश- दि रामापिथेकस्, रोलम्बा- पूर्ववत्, पृष्ठ १६।

[14] प्रधान, केदारनाथ- पूर्ववत्, पृष्ठ १० र ३९।

[15] ... ... नेपालको प्रागैतिहासिक रूपरेखा (अप्रकाशित) यसका केही अंश माथि उल्लेख गरिएका रचनाहरू हुन्।

नेपाललाई आगन्तुक जातिहरूद्वारा आयात गरिएको, मंगोल र आर्य सभ्यताको संगमस्थल भनी नेपालका प्राङमानवको अस्तित्वलाई बेवास्ता गरिएको थियो।

यस्तो चिन्तनमाथि पुनः विचार गरी नेपालमा प्राङ मानवको अस्तित्वलाई स्वीकार गर्न यस अध्ययनले सहयोग मिलेको छ। नेपाली जगत्मा मानवलाई "ईश्वर" को चमत्कार वा बूढा ब्रह्माजीको सुन्दर सृष्टिको परिकल्पना भनी मानी आएको अवधारणालाई त्यागी "सृष्टिको मुहान हिमालय" भन्ने अनुश्रुतिबाट बनेका नेपाली उक्तिलाई ध्यानमा राख्दै विकासवादी सिद्धान्त अनुसार वानरबाट मानवको विकास भएको र नेपालको हिमालय पर्वत श्रृङ्खला (खासगरी सगरमाथा क्षेत्र) विश्वको आदिमानवको संभावित उद्गमस्थल भन्ने अवधारणाले नेपालको महत्त्वलाई बुझ्न मद्दत मिल्न आएको छ। साथै नेपालमा प्राङमानवको उद्गम र विकासबारे अध्ययन गर्न यसले अरू प्रोत्साहित गरेको देखिन्छ। यसरी समग्र रूपमा रामनरवानर (Ramapithecus) सम्बन्धी अध्ययनले नेपालको इतिहास जगत्मा एउटा नयाँ दिशाको उदय हुनुको साथै वैज्ञानिक दृष्टिकोण अवलम्बन गर्न समेत सहयोग मिलेको देखिन्छ। कुनै रचनामा मौलिकताको कमी रहे तापनि पछिको अध्ययनको लागि केही न केही सहयोग मिलेको मान्नु पर्ने देखिन्छ। साथै नेपालको प्रागैतिहासिक अध्ययनमा प्राग् इतिहासको सीमित पक्षको अलग-अलग अध्ययन भएको अवस्थामा नयाँ अध्ययनले पुरातत्त्व, पुरातत्त्वशास्त्र, पुरामानवशास्त्र, नृत्तत्त्वशास्त्र, भू-गर्भ विज्ञान, जीव रसायनशास्त्र, शरीर रचना विज्ञान, जीव विज्ञान आदि विभिन्न पक्षलाई समेत ध्यान दिई समग्र अध्ययनको प्रारम्भ पनि भएको मान्नु पर्दछ।

३. रामनरवानरको प्रकृति

३.१ रामनरवानरको समयकाल

विश्वमा रामनरवानर (Ramapithecus) को अवशेष सर्वप्रथम १९३० ई. मा भारतको सिवालिक पर्वतमा इटालीको याले (Yale) विश्वविद्यालयको जी. ई. लेविस (G. E. Levis) ले प्राप्त गरेका थिए[16]। त्यसपछि चीन (१९५७-५८ ई.), केन्या (१९६२ ई.), ग्रीस (१९७२ ई.), टर्की (१९७४ र १९७७ ई.), हंगेरी र पाकिस्तान (१९७६ ई.) र नेपाल (१९८० ई.) मा र पुनः चीनको युनान (Yunnan) प्रान्त (१९८० ई.) मा रामनरवानर (Ramapithecus) का अवशेषहरू प्राप्त भएका छन्। प्रारम्भमा यी अवशेषलाई केन्यापिथेकस् (Kanyapithecus, Kenya Ape, केन्या), शुष्कवानर काइयुआन प्रकार (Dryopithecus Kaiyanensis, Kaiynanoak Ape, चीन, १९५७ ई.) रामनरवानर (Ramapithecus, Rama Ape, भारत) आदि विभिन्न नाम दिइए तापति पछि सबैभन्दा पहिले पाइएको भारतको रामनरवानर पंजाबीकस्-पंजाब रामनरवानर (Ramapithecus, Punjabicus-Punjab Rama Ape) को नाममा एउटै जातीय (Generie) नाम[17] दिएको पाइन्छ। भारतको पौराणिक नाम "राम" को नाममा रामनरवानर (Ramapithecus) र स्थान विशेषको आधारमा केन्या रामनरवानर (Kenyapithecus), काइयुआन नरवानर (Kaiyuan Ape) भनिए जस्तै नेपालको अवशेषलाई बुटवल रामनरवानर (Butwal Ramapithecus)[18] र नेपिथेकस् (Nepithecus)[19] को संज्ञा पनि दिइएको पाइन्छ।

---

16 शर्मा, जनकलाल- सेवेन्टिन मिलियन-इएर-ओल्ड प्राइमेट् फोसिल्स् कूड बी लिंक बिट्वीन् मैन एण्ड एप, प्राचीन नेपाल, संख्या ७९, पृष्ठ २४।

17 लानपो, जिया- अर्ली मैन् इन् चाइना, फोरेन लैंग्वेज् प्रेस, पेइचिङ, प्रथम संस्करण, १९८० ई., पृष्ठ २।

18 शर्मा, जनकलाल- नेपालमा मानव जातिको पुर्खा, प्राचीन नेपाल, उही, संख्या ६१-६४, पृष्ठ ३।
नेपाल निरीश- दि रामापिथेकस्, रोलम्बा, वर्ष २ अंक १, पृष्ठ १६।

19 प्रधान, केदारनाथ-- नेपाली इतिहास लेखनबारे, उही, पृष्ठ १०।

रामनरवानर (Ramapithecus) को अवशेषको समयकालबारे कार्बोन १४, (Carbon 14 dating) अवशेषमा रहेको कार्बोनको मात्राको आधारमा गरिने परीक्षणको परम्परा रहेकोमा पछि पोटाशियम आरगन परीक्षण (Potasium argon 40 investigation वा dating) को आधारमा (अस्थि अवशेषमा रहेको पोटाशियम आरगन ४० को विनष्टको आधारमा गरिने परीक्षण) केन्याको अवशेषलाई १.४ करोड वर्षअघिको भनी अनुमान गरेको पाइएको छ। भारत, चीन र पाकिस्तानका अवशेषहरूलाई ८०–८५ लाख वर्षअघिको र नेपालको अवशेषलाई १.१ करोड वर्षअघिको भनी मानिएको छ। टर्कीको अवशेषलाई १.४ करोड वर्षभन्दा अघिको र केन्याको अवशेषको समयकालको निर्धारणलाई अझै विवादास्पद रहेको[20] कारण भरपर्दो नमानेकोले रामनरवानरका अवशेषहरूमध्ये सबैभन्दा जेठो टर्कीको अवशेषलाई[21] मानिएको हो प्रो. उ रू काङ्ग, १९८१। एशियामा प्राप्त अवशेषहरूमध्ये नेपिथेकस्लाई सबैभन्दा जेठो र विश्वमा यसको स्थान साहिलो रहेको छ[22]।

३.२ रामनरवानरको अवशेषको प्रकृति

हालसम्म पाइएका रामनरवानर (Ramapithecus) का अवशेषहरूमा केन्या र भारतमा बङ्गाराका अवशेषहरू पाइएका छन् र चीनमा भने पूरा मुण्ड (Skull) को अवशेष (१९८० ई.) नै पाइएको छ। अधिकांश ठाउँमा दाँतको अवशेष भेटिएका छन्। भारतमा पाइएको बंगारालाई पशुको रोमन अक्षर 'यु' (U) आकारभन्दा भिन्न र मानवसित मिल्ने शंकुवक्र (Parabolic)[23] र मानवको–च्यापु तल–माथि दुवैको आकार धनुष (Arch) जस्तो घुमेको[24] भनी मानिएको छ। चीनमा पाइएको मुण्ड अवशेषको दुवैतिरको शिखर हाड कमजोर रहेको, मुण्डको हाड र मेरूदण्ड जोडिने ठाउँनेरको भाग (Foramen occipital magnum) मुण्डको अघिल्लो (Front) भागमा वानरको भन्दा नजीक रहेको, बङ्गाराको अवस्थिति (Projection) वानरसित नमिलेको, भित्रको दाँत (Incisor) साना तथा साँगुरा र अगाडिका दाँतहरू (Canines) साना र अन्य दाँतभन्दा केही ठूला (Higher) र बङ्गाराको शीर्ष भाग (Crown of the molars) मा इनामेल (Enamel) केही बढ़ी रहेको (Coated) भनी मानेको पाइन्छ। यी स्वरूपहरूले रामनरवानर (Ramapithecus), मानवको निकट रहेको अनुमान चीनका प्रागैतिहासिक पुरातत्त्वविद् प्रो. उ रू काङ्ग (Wu Ru Kang, १९८१ ई.) ले अनुमान[25] गरेका हुन्। नेपालको अवशेष भने बायाँ बङ्गाराको माथिल्लो दाँत (चट्टानको रूपमा परिणत भएको) पाइएको छ र यसको आकार १ से. मि. चौडा र करीब १ से. मि. लामो रहेको छ।

उपर्युक्त अवशेषहरूमध्ये सबैभन्दा विश्वसनीय एवं महत्त्वपूर्ण चीनको मुण्ड अवशेषलाई मान्नुपर्ने देखिन्छ। नेपालको अवशेष भने झिनो पाइएको छ र यहाँ वानर (Primate) तथा नरवानर (Anthropoid) को साथै रामनरवानर (Ramapithecus) पछिको दक्षिणी नरवानर (Australopithecus) का अवशेषहरू पनि पाइएका छैनन्। त्यसैले अन्य मुलुकको अवशेषको तुलनामा नेपालको अवशेष कमजोर देखिएको छ। तर समयकालको दृष्टिले विश्वमा साहिलो र एशियामा जेठो रहेकोले सबैभन्दा महत्त्वपूर्ण देखिएको चीनको अवशेषभन्दा पनि

---

[20] ह्वेर् दिद् ह्यूमैन् काइन्ड ओरिजिनेट्- चाइना पिक्टोरियल, जुलाई १९८१।

[21] पूर्ववत्।

[22] टर्कीको अवशेषलाई जेठो मानिनुअघि नेपिथेकस्लाई विश्वमा माहिलो भनी मानिएको थियो।

[23] नेपाल, निरीश- रोलम्बा, पूर्ववत्, पृष्ठ १५।

[24] शर्मा, जनकलाल-- उही, प्राचीन नेपाल-- संख्या ६१--६४, पृष्ठ ३।

[25] काङ्ग, प्रो. उ रू, पूर्ववत्।

प्राचीन रहेको आधारमा भने यसको महत्त्व कम रहेको देखिदैन । नेपालको अवशेष पाउनुभन्दाअघि भारत, चीन र पाकिस्तानमा पाइएकोमा यहाँ पनि पाइएपछि यसलाई चीन र भारत बीचको प्रारम्भिक मानवानुगण (Hominidae) को लेखा (Record) मा रहेको भौगोलिक रिक्ततालाई पूर्ति गर्ने भनी संयुक्त अन्वेषण दलले गरेको आशाको आधारमा मानवशास्त्र (Anthropology) को क्षेत्रमा यसको ठूलो महत्त्व रहेको[26] अनुमान पनि गरेको पाइएको छ ।

हालसम्म प्राप्त अवशेषहरूमध्ये टर्कीको अवशेषलाई सबैभन्दा जेठो भनी मानेको पाइन्छ । यसले यसअघि जेठो मानिएको केन्याको रामनरवानर (Kenyapithecus) माहिलो भनी टर्कीको रामनरवानर (Ramapithecus) लाई जेठो मानेको आधार (केन्याको समयकालको निर्धारणलाई विश्वसनीय मानेको पाइँदैन) मा अनुमान गर्न थालिएको छ । नेपालको नेपिथेकस् (Nepithecus) एशियामा जेठो नै रहेको छ तापनि विश्वमा भने साहिलो हुन पुगेको छ । यसरी समयकालको अझै विवाद रहेको भनी मानेको पाइन्छ । भारत, चीन र पाकिस्तानमा पाइएका रामनरवानर (Ramapithecus) लाई ८०–९० लाख वर्षअघि-सम्मको मात्र मानिएको छ । यसरी विश्वमा पाइएको रामनरवानर (Ramapithecus) का अवशेषहरूको समयकाल १.४–०.८ करोड वर्षअघिसम्म[27] पुगेको भनी अनुमान गरेको पाइन्छ तापनि समयकालको सम्बन्धमा अझै अन्तिम निर्णय भने हुनसकेको छैन ।

रामनरवानर (Ramapithecus) को समयकाल निर्धारण गर्ने विधि अनेक छन् र विश्वमा हालसम्म प्राप्त अवशेषहरूको काल निर्धारण एउटै विधिबाट नभई विभिन्न विधिबाट भएको पाइएको छ । त्यसैले ती विधिहरूबारे संक्षिप्त रूपमा चर्चा गर्नु सान्दर्भिक भएको हुनाले तल संक्षिप्त रूपमा चर्चा गर्ने प्रयास गरिन्छ ।

अश्मीभूत अस्थि–अवशेषहरूको समयकाल निर्धारण गर्ने विधिहरू धेरै पाइएका छन् र तिनलाई गुण वा प्रकृतिको आधारमा सापेक्ष (Relative) र निरपेक्ष वा स्वतन्त्र (Absolute)[28] गरी मुख्यतः दुई भागमा विभाजन गर्न सकिन्छ । पहिलो विधि अनुसार परीक्षण गरिनु पर्ने अस्थि–अवशेषसंगै पाइएका अन्य जीवजन्तु र वनस्पतिसित तुलना गरिन्छ र यही आधारमा भूगर्भविद् र पुरातत्त्वशास्त्रीहरूले काल निर्धारण गरेको पाइन्छ । तर यसमा वनस्पति वा जीव कुनै महादेशमा विलुप्त भैसकेको र कुनै महादेशमा भने विद्यमान रहेका हुनसक्ने (आज शीत वातावरण रहेको इलाकामा भूमध्यरेखीय र आज उष्ण वातावरण रहेको ठाउँमा शीत वातावरण रहेका वनस्पति वा जीवको अवशेष पाइएका छन्) भएको हुनाले ठीक ढंगले समयकाल निर्धारण गर्न कठीन छ । अर्को निरपेक्ष वा स्वतन्त्र (Absolute) विधि भने पहिलोको तलनामा भरपर्दो मानिन्छ । गणितको आधारमा सौररश्मिकिरण (Solar Radiation) को हिसाब गरेर प्रातिनूतनाश्म (Pleistocene) कालमा रहेको हिमयुगको समयलाई अध्ययन गर्न सकिन्छ । तर हिमयुगको प्रारम्भ १० लाख वर्षअघि मात्र (यसभन्दा अघिको हिमयुगलाई छोडेर)[29] प्रारम्भ भएको भनी मानेकोले त्यसपछिको समयकाल मात्र गणना गर्न सबने हुनाले यो विधि पनि पूर्ण बन्न सकेको छैन । त्यस्तै दोस्रो प्रकारको विधिमा वृक्ष–वृत्त गणनविधि (Dendochronology) आदि अनेक स्वतन्त्र विधि पाइन्छन्, तर तीबाट पनि धेरै अघिको समयकाल निर्धारण गर्न सकिंदैन भनी मानेको पाइन्छ ।

---

[26] नेपाल, निरीश– 'दि रामापिथेकस्', रोलम्बा, उही, पृष्ठ १६ ।

[27] काङ्ग, प्रो. उ रू– पूर्ववत् ।

[28] शर्मा, जनकलाल– पूर्ववत्, पृष्ठ ३ ।

[29] पहिले पनि हिमयुग रहेको, जसलाई आदिम हिमयुग भन्ने गरिन्छ, तथ्यको अवशेष पाइए तापनि कहिले, कहाँ–कहाँ, कस्तो अवस्थाको रहेको थियो भन्नेबारे हालसम्म स्पष्ट गरी अध्ययन अनुसन्धान भै नसकेकोले यसबारे अहिले निश्चित गरी भन्न सकिएको छैन ।

कार्बोन–१४ (Carbon–14) विधिभन्दा अघि पोटाशियम आरगन–४० (Potassium Argon-40 वा K/Ar) विधि प्रचलनमा थियो। पहिलो विधिको आधार–विन्दू वा ज्ञातांश (Known Rate) कार्बोन–१४ हो भने दोस्रोको आधार–विन्दू वा ज्ञातांश (Known Rate) आरगन–४० (Argon–40) हो। यस विधिअनुसार सबैभन्दा नयाँ काल नै ६ लाख वर्ष भएको हुनाले त्यसदेखि यताको अस्थि अवशेषको परीक्षण यसबाट हुन सक्दैन। त्यस्तै कार्बोन–१४ (Carbon–14) विधि अनुसार सबैभन्दा पुरानो काल बढीमा ७० हजार वर्ष भएको हुनाले यी दुई बीच ५ लाख वर्षभन्दा बढी अन्तर देखिन्छ। यस विधि अनुसार ज्वालामुखीको विस्फोटनबाट निस्केको चट्टान वा लावामा कम मात्रामा पोटाशियम आरगन संस्थानी–४० (Potassium Argon Isotope–40) हुन्छ र यो ज्ञातांश (Known Rate) आरगन–४० (Argon–40) मा पुगेपछि क्षय हुँदै जान्छ। यही क्षयको मात्राको आधारमा कुनैपनि अस्थि–अवशेषको समयकाल निर्धारण गरिन्छ। ६ लाख वर्षभन्दा अघिको समयकाल निर्धारण गर्नु पऱ्यो भने यस विधि अनुसार र ७० हजार वर्षभन्दा यताको समयकाल निर्धारण गर्नु पऱ्यो भने कार्बोन–१४ (Carbon–14) विधि अनुसार गरिन्छ। बीचको समयको अन्तरालको सम्बन्धमा पछि नयाँ संस्थानी विधि (Isotope Method) को आविष्कार भयो जसलाई–हसातु/किरणातु (Thorium/Uranium) र स्तनपायी अश्मी/हसातु (Prolaetinium/Thorium) संस्थानी (Isotope) विधि भनिन्छ।

आरगन–४० (Argon–40) पछि अर्को स्वतन्त्र विधि कार्बोन–१४ (Carbon–14) अघि आयो, जसलाई परमाणु भौतिक विज्ञान (Atomic Physics) द्वारा निकालेको भनी मानिन्छ। यो विधि अमेरिकामा आविष्कार भएको हो र यसलाई सबैभन्दा भरपर्दो भनी मानेको पाइन्छ। यस विधिलाई पूर्णरूपले रेडियोधर्मी कोइला–१४ विधि (Radioactive–Carbon Dating Method) भनिन्छ। यस विधि अनुसार प्रत्येक जीवित पदार्थले आफ्नो जीवनकालमा प्राकृतिक वातावरणबाट रेडियोधर्मी–कार्बोन–१४ संस्थानी (Radioactive Carbon–14 Isotope) लिएको हुन्छ र मृत्युपछि यसलाई लिन छोड्नुको साथै पहिले लिएको कार्बोन–१४ (Carbon–14) को क्षय हुँदै जान्छ। यही क्षयको आधारमा कुनै पनि समयकालको निर्धारण गरिन्छ। यस विधिबाट ४ हजारदेखि ५० हजार वर्ष (बढीभन्दा बढी ७० हजार वर्षअघि) सम्मको समयकाल गणना गरिन्छ। थोरै समयकालको मात्र निर्धारण गर्न सक्ने हुनाले धरै नै पुरानो अवशेषको काल निर्धारण यस विधिबाट नहुने भएकोले यसलाई भरपर्दो एवं उपयोगी नदेखिएको भनी मानेको पाइन्छ। यसमा परीक्षण गरिने वस्तु राख्ने भाँडो, परिवहनमा उपयोग गरिने साधन, ठीक समयमा पुऱ्याउनु, वस्तुको संग्रह आदिमा हुने तल–माथिले पनि असर गर्न सक्दछ। त्यस्तै परीक्षण गरिने वस्तु आगो लागेको वा आगो बालेको ठाउँको गोल वा कोइला, हाड, सीङ, घुंघी वा सिपीको खपटा लिइन्छ। रूखको ठुटा लिनुपर्दा सुकेको हुनुपर्दछ र चिसोबाट आशातीत परिणाम आउन सक्तैन।

स्वतन्त्र विधि अन्तर्गत सबै समयकालका वस्तुहरू परीक्षण गर्नु पर्दा एउटा विधिले पर्याप्त हुँदैन र तीन वटै (माथि उल्लेख गरिएका) विधिहरू अपनाइनुपर्ने हुन्छ। यस्तो स्थितिमा सरलताको अन्वेषण हुँदै गएपछि अर्को एउटा नयाँ विधि–पुराचुम्बकीय विधि (Palaeomagnetic Method) पत्ता लाग्यो। यस विधिमा परीक्षण गरिने वस्तुको यन्त्रद्वारा चुम्बकीय आकर्षणको मात्रा हेरिन्छ र त्यसपछि सोही वस्तुलाई आगोमा तताइन्छ (यसरी तताउँदा पुऱ्याउनु पर्ने तापक्रम विन्दू क्यूरि विन्दू– 'Curie Point' मा पुऱ्याइन्छ) र पुनः चुम्बकीय आकर्षण हेरिन्छ। यसरी दुई पटक लिइएको चुम्बकीय आकर्षणको मात्रा तुलना गरी दुई अवस्थाको बीचमा रहेको अन्तर वा क्षय भएको आकर्षणको अंक (Decay Rate) लाई हेरी समयकाल निर्धारण गरिन्छ। माथि चर्चा गरिएको अरू विधिको तुलनामा यो विधि हचुवा जस्तो देखिन्छ तापनि यसलाई भरपर्ने नसकिने विधि होइन भनी मानेको पाइन्छ। नेपालको

रामनरवानर (Nepithecus) को समयकाल यसै विधि अनुसार अमेरिकामा लगी निर्धारण गरिएको हो ।

रामनरवानर (Ramapithecus) को समयकालको सम्बन्धमा उपर्युक्त अनुसारका विधिहरूमध्ये सबैको परीक्षण एउटै विधि अनुसार गरेको पाइएको छैन । कतिपय अवशेषहरूको परीक्षण गरिएका वस्तुको ठीक ढंगले लाने, राखने कुरामा आशंका व्यक्त गरेको कारण समयकालको निर्धारण अन्तिम रूपमा भैनसकेकोले पुनर्विचार गर्नु पर्ने जस्तो राय पनि नपाइएको होइन । पहिले सबैभन्दा जेठो केन्याको अवशेषलाई मानेकोमा पछि टर्कीको अवशेषलाई मान्न थालिएको छ । अहिलेसम्मका परीक्षण विधिहरूमा सबैभन्दा विश्वसनीय विधि पुराचुम्बकीय विधि (Palaeomagnetic Method) भनी मानिए तापनि यसलाई पूर्ण विधि भने मानिएको छैन ।

३.३ रामनरवानरको पुर्खा र अवस्थिति

नवजीव (Unozoie) अर्थात् वानर वर्ग (Primates) को काल वा आजभन्दा करीब ३.५ करोड वर्षअघि हिमांचलीय महाकाण्ड घटेपछि पृथ्वीमा आएको आमूल परिवर्तनले नयाँ प्रतिकूल वातावरण (सुख्खा र वातावरणीय) मा भूमध्यरेखाको घना जंगलहरू पातला हुँदै विलुप्त हुनुको साथै पुराना स्वरूप रहेका वानरहरू ठूला बिरालाको शिकार भई कोही विनष्ट भए र कोही दक्षिणतिर लागे[30] । तर नयाँ जाति र वर्गको वानर (जो मानवका पुर्खा थिए) र कुकुर–मुखे वानर (Baboon) भने पहाडी श्रृङ्खलाहरू उठेका पुरानो संसार (Old World) को परिवर्तित र प्रतिकूल वातावरणमा अभ्यस्त भई जीवित रहे । डार्विनका अनुसार यही पुरानो संसार (Old World) को वानरशाखाबाट नै मानवको विकास भएको हो । पुरानो संसार (Old World) को वानरबाट बिरालो तथा कुकुर जत्रा सानो आकारका प्यारापिथेकस् (Parapithecus) र प्रोप्लिओपिथेकस् (Propliopithecus), मिश्रको फायुम (Fayum) को चरण हुँदै मध्यनूतनाश्म (Miocene) को उत्तरार्द्ध काल (आज भन्दा २ करोड वर्षभन्दा अघि) विकसित फोन्तानी शुष्कवानर (Dryopithecus Fontani, फ्रान्स) को एउटा शाखा डार्विन शुष्कवानर (Darwin Dryopithecus, अष्ट्रिया) बाट अतिनूतनाश्म (Pliocene) युगको प्रारम्भमा रामनरवानर (Ramapithecus) देखिएको भनी अनुमान गरिएको पाइन्छ । शुरूमा रामनरवानर (Ramapithecus) लाई शुष्कवानर (Dryopithecus) को श्रेणीमा राखिएको थियो र पछि मात्र अलग श्रेणीमा राखिएको हो । हाल यी अनुमानहरूबारे पुनर्विचार गर्न थालिएको छ । १९८० ई. तिर अफ्रिकामा आजभन्दा करीब ३ करोड वर्षअघि रहेका वानर जस्तो प्राथमिक (Primate) जीवको अवशेष पाइएको छ, यसलाई एजिप्टोपिथेकस् (Aegyptopithecus) भनी नाम दिइएको छ । प्राप्त अवशेषहरूमध्ये यसलाई प्राथमिकवर्ग (Primate) नरवानर (Ape) र मानवको विकास श्रृङ्खलाको सबैभन्दा प्राचीन अवशेष भनी विश्वास गरिएको छ[31] । यसरी वानरदेखि मानवसम्मको विकासको श्रृङ्खला अझै प्रष्ट हुन नसकेको देखिन्छ । पछि १९८३ ई. मा अफ्रिकाको केन्याको उत्तरी भागमा त्यहाँको राष्ट्रिय संग्रहालय (National Museum) का निर्देशक रिचर्ड ई. लिके (Richard E. Leakey) र जोन्स हप्स्किन्स् (Johns Hopkins) विश्वविद्यालयका पुरासत्त्वशास्त्री एलन वाकर (Alan Walker) को सह–नेतृत्त्वमा रहेको दलले शुष्कवानर (Dryopithecus) भन्दा पछि र रामनरवानर (Ramapithecus) भन्दा अघिको जस्तो देखिने पुच्छर नभएका प्राणी (Ape like Creature) को एउटा अवशेष फेला पार्‍यो । यस जीवलाई १.७ करोड वर्षअघिको भनी अनुमान गरिएको छ । पहिले एशिया

---

30 नेस्तर्ख, एन.,– दि ओरिजिन् अफ मैन्, प्रोग्रेस् पब्लिशर्स, मास्को, दोस्रो (संशोधित) अंग्रेजी संस्करण, १९६७ ई., पृष्ठ ५६ ।

31 शर्मा, जनकलाल–सेवेन्टिन मिलियन इयर ओल्ड प्राइमेट् फोसिल्स् कूड बी लिंक बिट्वीन मेन एण्ड एप, प्राचीन नेपाल, संख्या ७९, पृष्ठ १३ ।

(भारत) मा मात्र पाइएको भनी मानिएकोमा यसलाई भारतकै सिवनरवानर (Sivapithecus) कै श्रेणीको भनी विश्वास गरिएको छ र यसको उद्गम सम्भवत: अफ्रिकामा भएको भनी नयाँ अनुमान गरिएको छ। भारत-को सिवनरवानर (Sivapithecus) लाई वनमान्छे (Orangutan) सित निकट सम्बन्धित भनी (पूर्व अनुमान अनुसार) सम्भवत: मान्न नसकिने र यसलाई हाल सबै नरवानर (Ape) र मानवका पुर्खा हुनसक्ने भनी नयाँ अनुमान[32] गरेको पाइएकोले यसअघि नरवानर (Anthropoid) को चरण भई वा यसका कुनै शाखाबाट मानवको उद्गम भएको भनी गरिएको पूर्व अनुमानमाथि यस नयाँ अवशेषको प्राप्ति र अध्ययनले पुनर्विचार गर्नु पर्ने देखिएको छ।

आदिमानवको पुर्खा को हुन् र ठूला वानर (Great Ape) र मानव कहिले छुट्टिए भन्ने प्रश्नहरू पुरासत्त्वशास्त्र (Palaeontology) को अति नै आश्चर्यलाग्दा प्रश्नहरू हुन् र दोस्रो प्रश्नको सम्बन्धमा धेरैजसो पुरासत्त्वशास्त्रीहरूले २.५ करोड वर्षअघि छुट्टिएको भनी विश्वास गरेका छन्[33]। यही सन्दर्भमा माथिको १.७ करोड वर्षअघिको प्राणीलाई शुष्कवानर (Dryopithecus) र रामनरवानर (Rama-pithecus) को बीचमा राखी जोड्दा समयकाल करीब मिलेको देखिन्छ। यसैले यस अवशेषले ठूलावानर (Great Apes) र मानव सदृश (Hominid) को वंशावलीमा अलि स्पष्टता देखिएको अनुमान गरिएको छ। यसले रामनरवानर (Ramapithecus) को पुर्खाको अध्ययनमा थप सहयोग मिलेको देखिन्छ।

अन्य मुलुकमा जस्तै नेपालमा वानर (Primate) र नरवानर (Anthropoid) का अवशेषहरू पाइएका छैनन्। रामनरवानर (Rama-pithecus) को समकालीन जस्तो देखिने करीब १.२ करोड वर्षअघिको भनी अनुमान गरिएका दाङ्गका गैंडा र हात्तीका अवशेषहरू हुन्। चिनियाँ विद्वान्हरूले तिब्बती पठार (Plateau) मा वानर (Primates) को अस्तित्व रहेको हुनसक्ने संभावनाबारे औंल्याएको पाइए तापनि त्यहाँ र नेपालको हिमालय पर्वत श्रृङ्खलामा त्यस्तो कुनै जीवको अवशेष भेटिएको छैन। तर नेपाल-संगै जोडिएको तिब्बतबारे यस्तो अनुमान गरेको पाइनु र नेपालसंगै जोडिएका चीन र भारतमा वानर (Primates) का अवशेष पाइनु एवं तीनैवटा मुलुक र पाकिस्तानमा समेत रामनरवानर (Ramapithecus) का अवशेष पाइनुले नेपाल वानर (Primates) र नरवानर (Anthropoid) को विचरण थलो रहेको हुनसक्ने संभावना देखिन्छ। उषाश्म (Eocene) युगमा सगरमाथाको भिरालो (Slopes) मा समुद्री जीवका अवशेषहरू (Marine Fossils) पाइएबाट हिमालय पर्वत श्रृङ्खलामा जीवको विकासको निमित्त अनुकूल स्थिति रहेको हुनसक्ने संभावना झिनो भएपनि देखिएको छ। अतिनूतनाश्म (Pliocene) युगमा हिमालय क्षेत्रमा तीनखुरे घोडा (Hipporion), अर्द्ध भूमध्यरेखामा पाइने बोट–बिरूवा, स्थानीय माटोजन्य खनिज पदार्थको बनावटमा तत्कालीन प्राकृतिक वातावरणको छाप रहेको र त्यसबेला मनसूनी हावालाई छेक्न नसक्ने हिमालयको उचाइ करीब १००० मीटर (समुद्री सतहभन्दा माथि) रहेको १९७७ ई. को चिनियाँ भौर्गभिक प्रतिवेदनको आधारमा चिङघाइ–तिब्बत क्षेत्र उच्च प्राथमिक वर्गको जीवको विकासको निम्ति अझै अनुकूल रहेको थियो भन्ने अनुमान[34] गरेको पाइएकोले नेपालको हिमालय क्षेत्र पनि सोही अनुरूप रहेको हुनसक्ने अनुमान गर्न सकिने देखिन्छ। भारतमा अवशेषहरू पाइएको इलाका र नेपालमा पाइएको इलाका चुरे वा सिवालिक क्षेत्रभित्र पर्नाले पनि माथिको संभावित अनुमानलाई पुष्टि गर्न सहयोग मिल्ने देखिन्छ। साथै मध्यनूतनाश्म (Miocene) युगमा घना जंगलहरू विनष्ट भएको भन्ने माथि उल्लेख गरिएको सम्बन्धमा काठमाडौं

---

[32] शर्मा, जनकलाल– पूर्ववत्, पृष्ठ १३।

[33] पूर्ववत्।

[34] लानपो, जिया– उही, पृष्ठ ३।

उपत्यकामा रहेको घना जंगल सोही कालतिर दक्षिणमा माहिलो वा लघु हिमालय भनिने महाभारत पर्वत श्रृङ्खला उठेपछि तलाउ बनी विनष्ट भएको हुनसक्ने अनुमानलाई यता पाइने वनस्पति एवं जीव–जन्तुका अवशेषले पुष्टि गर्ने संभावना रहेबाट यो क्षेत्र पनि वानर तथा नरवानरको अनुकूल रहेको हुनसक्ने संभावना देखिन्छ। त्यसैले यतातिर पनि खोज र अध्ययन हुनुपर्ने अनुमान गर्न सकिन्छ।

नेपालमा वानरको एउटा प्रजाति लंगूर सगरमाथा क्षेत्रमा ७५०० मी. माथि पाइएको छ र यसलाई "लंगूर एन्टेलस् प्रेसवाइटिस् (Lungur Entellus Presbytis")[35] भनी संज्ञा दिइएको छ। यसको सम्बन्धमा अरू कुनै अध्ययन भएको पाइएको छैन तापनि यसको विचरण थलो रहेको विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८ मी.) अवस्थित रहेको हिमालय श्रृङ्खलालाई "महालंगूर" भनेको पाइएको छ र यो नाम लंगूरकै नाममा रहेको अनुमान प्रष्ट छ। यसबाट सगरमाथा क्षेत्रको हालको प्रतिकूल वातावरणमा पनि लंगूरको अवस्थिति पाइएबाट करोडौं वर्षअघि यस क्षेत्रमा वानरहरू रहन सक्ने वातावरण रहेको हुनसक्ने संभावनालाई सहजै अनुमान गर्न सकिन्छ। चुरे क्षेत्रमा पाइएको रामनरवानर (Ramapithecus) को अवशेष पाइएको आधारमा सो पाइएको क्षेत्रतिर यस जीवको शरीरको अन्य भागको अवशेष अफ्रिका र चीनमा जस्तै पाइने अनुमान गर्नु पनि स्वाभाविक नै हुन्छ। दक्षिणी नरवानर (Australopithecus) को अवशेष एशियाको कुनैपनि मुलुकमा पाइएको छैन तापनि मानवको वंश वृक्षमा सबैभन्दा नजीकको प्राणी भनी मानिएको रामनरवानर (Ramapithecus) लुप्त नभएको भए दक्षिण एशियाली नरवानरमा विकसित हुनसक्ने र त्यसपछि पिथेकान्थ्रोपस् जावा मानव (Java Pithecanthropus) मा विकसित हुनसक्ने संभावनाबारे पनि अनुमान गर्न सकिन्छ[36]। यसै प्रसंगमा यहाँ सोभियत प्राग्-इतिहासविद् तथा मानवशास्त्री एम. नेस्तर्ख (M. Nesturkh) को अतिनूतनाश्म (Pliocene) युगको प्रारम्भ ताकाका रामनरवानर (Ramapithecus) प्रकारको नरवानर (Anthropoid) बाट विकसित भएका दक्षिण एशियाली प्रकारका नरवानर (South Asian forms of ape) बाट मानवको उद्गम भएको[37] अवधारणा उल्लेखनीय रहेको छ। यी सम्भावनाहरूको कारण बुटवलको चुरे क्षेत्रमा रामनरवानर (Ramapithecus) को अवशेषको साथै प्राकृतिक तथा मानव निर्मित हतियार पनि पाइनसक्ने संभावना देखिएकोले यसै आधारमा त्यतातिर खोज र अनुसन्धान हुनु जरूरी देखिएको छ।

रामनरवानर (Ramapithecus) लाई भूमध्यरेखाको घना जंगल र घाँसे मैदानी (Savana) क्षेत्रमा रहेका भनी मानेको पाइन्छ। चीनको लुफेङ् (Lufeng) र वरिपरिका क्षेत्रमा आजको केन्द्रीय र दक्षिणी यूनान (Yunnan) क्षेत्रको भूमध्यरेखीय वा अर्द्ध–भूमध्यरेखीय वातावरण समान न्यानो र आर्द्र (Humid) रहेको अनुमान त्यहाँ पाइएका अन्य पशुहरूको अवशेषहरूको आधारमा गरिएको छ। यसको कद सामान्यतया १.१-१.२ मी. अग्लो, अनुहार सानो, तालुको हाड निस्केको र माथिल्लो एवं तल्लो बङ्गाराको हाड दक्षिणी नरवानर (Australopithecus) को समान[38] मानिएको छ। दन्तारोपणको अवस्थिति (Dentition) ले यसलाई झण्डै मानव सदृश (Homosapien) को पुर्खाको कोरा वा आदिम रूपमा लिन सकिने भनी अनुमान गरिएको छ। यी सीधा भएर हिंड्थे भन्ने कुनै प्रमाण पाइएको छैन र यिनको मेरूदण्डको एवं खुट्टाको हाड भेटिएका छैनन्। तर यी पछिका भनी अनुमान गरिएको दक्षिणी नरवानर (Australopithecus) लाई सीधा भएर हिंड्थे भनी मानेको र

---

[35] ए फोटोग्राफिक रेकर्ड अफ द माउन्ट जोल्मोलुङमा साइन्टिफिक एक्सपेडिसन (१९६६–६८ ई.) साइन्स प्रेस, पेकिङ्ग, चीन, १९७७ ई.।

[36] नेपाल, निरीश– दि रामापिथेकस्, रोलम्बा, उही, पृष्ठ १५।

[37] नेस्तर्ख, एम.– पूर्ववत्, पृष्ठ ६४।

[38] लानपो, जिया– पूर्ववत्, पृष्ठ ३।

यी भन्दा अघिका वानरहरू आवश्यक परेको वेला कहिले–काहीं आधा झुकेर वा धड्धड्याएर हिंड्थे भनी मानेको पाइएकोले वानर र दक्षिणी नरवानर (Australopithecus) बीचको चरणका यिनीहरूलाई आधा झुकेर वा धड्धड्याएर हिंड्थे होला भन्ने अनुमान गर्न सकिन्छ[39] भनी मानिएको छ। कसैकसैले यिनीहरू हतियार बनाउन जान्दथे भनी भनेको पाइए तापनि कुनै पनि मानव सदृश प्राणी (Simian) को हातले हतियार बनाउन जानेका थिएनन्[40] भनी मानेको पाइएकोले यिनीहरूले पनि हतियार बनाउन जानेका थिएनन् भनी अनुमान गरिएको छ। यिनलाई रूखबाट ओर्लेर जमीनमा बस्न थालेको र अरू वानर पुनः रूखमै फर्की रहेका भनी मानेको पाइएकोले यिनीहरूले लौरो वा प्रकृतिमा पाइने ढुङ्गालाई फलफूल टिप्न र आक्रमणकारी हिंस्रक पशुबाट जोगिन हतियारको रूपमा प्रयोग गर्थे भनी मान्न भने सकिन्छ। साथै फलफूल टिप्न घाँटी तन्काउनु पर्ने भएकोले सीधा भएर हिंड्ने वा उभिने क्रममा वक्र (Arch) मेरूदण्ड सोझो हुँदै ठाडो हुनसक्ने र हतियारको प्रयोगले हातको आकार र टेकेर हिंड्नु परेको कारण पाइतालाको एवं खुट्टाका हाडहरू विकसित हुँदै गएको हुनसक्ने देखिन्छ। यिनलाई शरीर-रचना विज्ञान (Morphology) को दृष्टिले प्रारम्भिक मानव र ठूला नरवानर (Ape) दुवैसित मिल्ने भनी अनुमान गरेको पाइन्छ। शारीरिक बनावट-को आधारमा नरवानर (Anthropoid) र विकासको अति निम्न चरणको भए तापनि व्यवहार (Social qualities) मा मानवसित निकट रहेको[41] भनी अनुमान गरेको पाइएको छ।

४. आदिमानवको उद्गम

वानरबाट मानव सदृश (Homosapiens) लक्षण भएको रामनरवानर (Ramapithecus) को चरण हुँदै मानवको विकास भएको हो। यो विकासक्रम पहिले नरवानर (Anthropoid) को अवस्थाबाट वा यसभन्दा अघि नै एउटा स्वतन्त्र क्रमबाट अर्कै जीवबाट नरवानर (Anthropoid) संग–संगै विकास भएको हो भनी निश्चित गर्न कठीन छ[42] भनी भनेकोमा १९८३ ई. मा उत्तरी केन्यामा प्राप्त माथि उल्लेख गरिएको शुष्कवानर (Dryopithecus) र रामनर-वानर (Ramapithecus) बीचको देखिने (पूर्व रामनरवानर Pre–Ramapithecus, १.७ करोड वर्षअघिको) जीवको अवशेषले नयाँ कुरा प्रकाशमा ल्याएको छ। यसबारे चर्चा गर्नुअघि सबैभन्दा पहिले तल मानवको उद्गमसम्बन्धी चिन्तनबारे चर्चा गरिन्छ।

४.१ मानवको उद्गमसम्बन्धी चिन्तन

आदर्शवादी धारणा अनुसार "रहस्यमय शक्ति" वा "ईश्वर" द्वारा मानवको सृष्टि भएको वर्णन गरिएका कथाहरू सबैभन्दा बढी हिन्दूधर्मका विभिन्न पुराणहरूमा उल्लेख भएको पाइन्छ र संसारमा प्रचलित विभिन्न धर्ममा पनि यस्ता कथाहरू पाइएका छन्। जीवको क्रमशः विस्तार–विस्तार र निरन्तर परिवर्तन र विकास भई वानरबाट मानवको विकास भएको हो भन्ने विकासवादी सिद्धान्तको विरोध गरी पृथ्वीसंगै एकैचोटि मानवको सृष्टि "ईश्वर" ले गरेको कुरा उक्त कथाहरूमा उल्लेख भएको पाइन्छ। सृष्टिकर्ताको नाम र समयकालमा केही भिन्नता पाइए तापनि सार रूपमा "ईश्वर" को रचना भन्ने कुरा पृथ्वीमा भएको जल–प्रलयको कथा सबैजसो मुलुकमा मिले जस्तै मानवको सृष्टिबारे विभिन्न मुलुकका विभिन्न धर्मका कथाहरू मिलेका देखिन्छन्। नेपालमा हिन्दूधर्म अनुसारको श्रीमद्भागवतको एउटा कथा र स्वस्थानी व्रत कथा अनुसार बूढाब्रह्माले, तामाङहरूको "तम्वा कइतेन् ह्लाइ रिम्ठिम्" अनुसार

---

[39] पूर्ववत्, पृष्ठ २।

[40] एंगेल्स्, फ्रेडरिक–डाइलेक्टिस् अफ् नेचर, प्रोग्रेस् पब्लिशर्स, मास्को, छैटौं संस्करण, १९७४ ई., पृष्ठ १७१।

[41] नेपाल, निरीश– दि रामापिथेकस्, उही, पूर्ववत्, पृष्ठ १५।

[42] सिंह, डा. रामप्रसाद एवं, कुमार, डा. अनिल– मानव उद्भव तथा प्रजातीय अध्ययन, बिहार हिन्दी ग्रन्थ अकादमी, पटना, प्रथम संस्करण, १९७६ ई. पृष्ठ १२।

"पञ्च भगवान्"ले[43] र किरातहरूको बेद भनिने "किरात मुन्धुम्" अनुसार "पोरोमी योम्फामी देव"ले[44] मानव आदिको सृष्टि गरेको उल्लेख पाइन्छ। वैज्ञानिकहरूको खोज र अनुसन्धानले आदर्शवादीहरूको सृष्टि संबन्धी अवधारणालाई गलत सावित गरिसकेको छ। नेपालमा आजभन्दा करीब २५–२६ लाख वर्षको अफ्रिकाको ओण्डभाइ मानवका हतियारलाई संझाउने खालको प्राकृतिक ढुङ्गाको हतियार प्रयोग गर्ने वर्दिया मानवदेखि २.२ हजार वर्षअघिसम्मका प्राङमानवका अवशेषहरू पाइएपछि "ब्रह्मा" आदिद्वारा मानवको सृष्टि भएको परिकल्पना गलत रहेको देखिन आएको छ। त्यस्तै इशाई, इस्लाम आदि धर्म अनुसारको मानव सृष्टिको कथा र अन्य ठाउँका आकाश र पृथ्वीको विवादबाट वा ब्रह्मा र उनैकी छोरीबाट, "सुसुङ्गे र लालाङ्गे"– (किरात मुन्धुम्, एउटै बाबु–आमाका सन्तान)[45] र बाइबिलमा आदम (Adam) र इभ् (Eve) बाट मानव आदिको सृष्टि भएको आदर्शवादी कथाहरू निराधार सावित भैसकेका छन्।

डार्विनका अनुयायी थोमस् हक्स्ले (Thomas Huxley, १८६३ ई.) का अनुसार एउटै पुर्खाबाट उत्पत्ति भएको नरवानर (Anthropoid) कै अर्का सहोदर शाखाबाट मानवानुगण (Hominidae) तथा मानव र अर्को शाखाबाट वानरको विकास, फ्रान्सका मार्सेलिन् बूल (Marcellin Boule) का अनुसार सानो शरीर तर ठूलो मस्तिष्क भएको धेर वा थोर सीधा हिंड्ने प्राणीबाट[46] र अमेरिकी विद्वान् डब्लु. एल. स्ट्राउस् (W. L. Straus) का अनुसार पुरानो महादेशको एउटा प्राचीन प्रकारको वानर (Proto–Old–World Monkey)[47] बाट प्रत्यक्ष रूपमा मानवको विकास भएको धारणा व्यक्त गरेका छन्। त्यस्तै पछि अनेक अवधारणाहरू देखिएका छन्।

इटालीका जीवशास्त्री ड्यानियल रोसा (Daniel Rosa, १९८१ ई.) को पृथ्वीसंगै प्राणी पनि एकैचोटि उत्पत्ति भएको धारणा अघि आउनुभन्दा पूर्व मानवशास्त्रीहरू थियोडोर आर्ल्डट् (Theodor Arldt) र जिसेप् सेर्गि (Guiseppe Sergi) का अनुसार मानव जाति एउटै वर्गबाट नभई विभिन्न वर्ग अथवा अरू जातिबाट विकसित भएको हो। फ्रान्सका मानवशास्त्री जर्जेज् मोन्टैन्डन् (Georges Mountandon, १९३३ ई.) को अमेरिकी नरवानर (Anthropoid ape) बाट, फ्रेडरिक् उड् जोन्स् (Frederick Wood Jones, १९१३ ई.) को कूर्च मर्कट (Tarsier) बाट, जर्मन वैज्ञानिक हर्मन् क्लाट्स्च (Hermann Klaatsch, १९२२ ई.) को औरिनासियन (Aurignacian) मानवको विकास वनमान्छे (Orangutan) बाट र निआन्डर्थल (Neanderthal) मानवको भीमवानर (Gorilla)[48] बाट भएको अवधारणा पनि पाइएका छन्। एम. वेस्टेनहोफर् (M. Westenhopher, १९३५ ई.) का अनुसार वानरको चरण छोडी निम्न स्तनपायी (Lower Mammal) जीवबाट सीधा मानवको उद्गम भएको हो भन्ने धारणा पनि पाइएको छ। मानवको उच्च विकसित मस्तिष्क नै सबै स्तनपायी जीवहरूको मस्तिष्कको आरम्भविन्दू[49] हो भन्ने उट्पट्याङ जस्तो देखिने जोहान राँके (Johan Ranke, १८५९ ई.)

[43] लामा, सन्तवीर– तम्ञा कइतेन् (ह्वाई रिमठिम्), रत्न पुस्तक भण्डार, काठमाडौं, छैटौं संस्करण, वि. सं. २०४०, पृष्ठ ७१।

[44] चेमजोङ, ईमानसिंह– किरात मुन्धुम् (किरातको बेद), राजेन्द्र राम, विहार, भारत, १९६१ ई., पृष्ठ ३,७।

[45] पूर्ववत्– पृष्ठ १०–१४।

[46] नेस्तर्ख, एम.– पूर्ववत्, पृष्ठ ८७–८८।

[48] सिंह, डा. रामप्रवेश एवं कुमार, डा. अनिल– पूर्ववत्, पृष्ठ १२।

[48] नेस्तर्ख, एम.– पूर्ववत्, पृष्ठ ८६।

[49] पूर्ववत्– पृष्ठ ७१।

को अवधारणा पनि पाइन्छ। वैज्ञानिक भनिने मध्यमवर्गीय व्यक्तिहरूबाट यस किसिमका अवधारणाहरू देखिएका हुन्।

४.२ गलत चिन्तन र त्यसको परिणाम

माथिका अवधारणाहरू एक आपसमा मेल नखाएको मात्र होइन, अन्तर्विरोधी पनि देखिएका छन्। ड्यानियल रोसा (Daniel Rosa) को अवधारणा वानरबाट मानवको विकास भएको धारणा विपरीत रहेको छ। हर्मन (Hermann) को अवधारणाले विभिन्न प्रजातिका मानवको अलग–अलग पुर्खा र त्यस्तै अप्रत्यक्ष रूपमा मोन्टैन्डन् (Montandon) र थियोडोर् (Theodor) तथा सेर्गि (Sergi) का अवधारणाले विभिन्न प्रजातीका मानव अलग–अलग पुर्खाबाट उत्पत्ति भएको धारणा (Polygenesis) प्रकाशमा ल्याएको देखिन्छ। यी अवधारणाहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वानरबाट मानवको विकास भएको र सम्पूर्ण मानवको पुर्खा एउटै हो भन्ने वैज्ञानिक धारणाको विरोध गरेको देखिन्छ।

विभिन्न वर्गबाट संसारको विभिन्न भागमा स्वतन्त्र रूपले मानवको उद्गम भएको अवधारणा (Ologenesis) का समर्थकहरू मुख्यत: मध्यमवर्गीय बुद्धिजीवीहरू हुन्। तिनीहरूको मूल उद्देश्य नै संसारको सृष्टिलाई उद्देश्यपूर्ण विकासको उपाय (वा ईश्वर इच्छा) द्वारा प्रभावित छ भनी घोषणा गरी धर्मसित विज्ञानलाई मिलाउनु हो। वैज्ञानिकहरूको खोज र अनुसन्धानले "ईश्वरको अपरम्पार लीला" वा "दैवी रचना" को नारा बेकम्मा साबित भएपछि वैज्ञानिकहरूलाई यातना, दण्ड–सजायँ एवं हत्या गर्ने जस्ता जघन्य अपराधको कार्यले पनि केही नलागेपछि शासक वर्गको माग अनुसार पुरेतहरूसित कुम जोर्ने[50] यसरी विज्ञानलाई नै आड बनाई भ्रमपूर्ण धारणाहरू देखा परेका हुन्।

यदि संसारको विभिन्न भागमा स्वतन्त्र रूपले मानवको उद्गम भएको अवधारणा (Ologenesis) लाई मान्ने हो भने संसारको सबै महादेश र सबै मुलुकहरूलाई मात्र होइन, एउटै मुलुकको विभिन्न प्रजातिहरू रहेका विभिन्न इलाकालाई पनि आदिमानवको उद्गमस्थलको रूपमा मान्नु पर्ने हुन्छ। अन्त्यमा आदर्श-वादीहरूको पृथ्वीसंगै एकैचोटि संसारका सबै प्राणीहरू "ईश्वरको इच्छा" अनुसार उत्पत्ति भएको गलत अवधारणालाई मान्नु पर्ने हुन्छ र अहिलेसम्मका वैज्ञानिकहरूको खोज र अनुसन्धानलाई फोहोर फाल्ने ढ्वाङ्गमा मिल्काउनु पर्ने हुन्छ। यस गलत चिन्तनले आदिमानवको उद्गम एकैचोटि विश्वको अनेक ठाउँमा भएको धारणा (Polygenesis) र अनेक उद्गमस्थल रहेको अवधारणा पनि देखिएको छ, जसबारे पछि चर्चा गरिनेछ।

४.३ मानवको उद्गमसंबन्धी वैज्ञानिक धारणा

प्रस्तुत अध्ययनको प्रारम्भमै प्राक्कोशीय जीवाणुदेखि रामनरवानर (Ramapithecus) सम्मको जीव विकासबारे अति नै संक्षिप्त रूपमा उल्लेख गरिएको थियो। पानीमा बस्ने जलचरप्राणीबाट पानी र जमीन दुवैमा विचरण गर्ने अभयचर (Amphibian) र जमीनमा घस्रेर हिंड्ने सरीसृप (Reptiles), त्यसबाट उफ्रेर हिंड्ने चौपाया स्तनपायी (Mammals) र सो मध्येकै एक प्रकारको छुचुन्द्रो जस्तो (Inscetivora) जीवबाट करीब ७ करोड वर्षअघि अर्द्ध–वानर (Pro–simian), आदि वानर (Simian), वानर (Primates), नरवानर (Anthropoids) (यसबारे विवाद रहेकोबारे माथि उल्लेख भएको छ) हुँदै रामनरवानर (Ramapithecus) र दक्षिणी नरवानर (Australopithecus) को चरण हुँदै मानवको रूपमा विकसित भएको अनुमान गरिएको छ। निम्नबाट उच्च र सरलबाट जटिल प्रक्रियाहरू गुज्रँदै ५० औं करोड वर्षको समय लगाई जीवाणुबाट मानवसम्म विकसित भएको मानिन्छ। जीवको परिवर्तन र विकासको दौरान परिमाणात्मक (Quantitative) र गुणात्मक (Qualitative) परिवर्तनका प्रक्रियाहरूबाट गुज्रँदै निरन्तर र विस्तार–विस्तार जीवाणुबाट आज संसारमा करोडभन्दा बढी

[50] पूर्ववत्– पृष्ठ ७३।

जीवहरू देखिएका छन्। विकासको परिमाणात्मक (Quantitative) चरणमा निरन्तर र विस्तार–विस्तार विकसित हुँदै गएको हुन्छ भने गुणात्मक (Qualitative) चरणमा जीव एउटा चरणबाट निश्चित प्रक्रियाहरूबाट गुज्रे पछि एउटा नयाँ उच्च विकसित जीवको रूपमा छलाङ मारेर विकसित भएको हुन्छ। तर छलाङ मारेर परिवर्तन हुँदा एकैचोटि नयाँ जीवमा परिवर्तन नभई परिमाणात्मक (Quantitative) चरणहरूबाट विस्तार–विस्तार र निरन्तर परिवर्तन भई एउटा निश्चित अवस्थामा पुगी सकेको हुन्छ र त्यसपछि गुणात्मक चरणमा पुगिन्छ।

निम्नबाट उच्च र सरलबाट जटिलपूर्वक क्रमिक रूपमा जीवको विकास भई वानरबाट मानवको विकास भएको स्पष्ट धारणा सबैभन्दा पहिले बेलायतका विद्वान् चार्ल्स डार्विन (Charles Darwin, १८०९–१८८२ ई.) ले अघि सारेका हुन्। उनीभन्दा अघि चीनका प्राचीन जीवशास्त्री त्सो त्से (Tso Tse, ६०० इ. पू.) ले संसारका सबै जीवको उत्पत्ति एउटै जातिबाट विस्तार-विस्तार र निरन्तर परिवर्तन र विकास हुँदै भएको[51] मानेको प्रमाण पछि प्रकाशमा आए तापनि प्रकाशमा आएको आधारमा जीवको विकास संबन्धी विकासवादी सिद्धान्तका जनक वा व्याख्याता डार्विनलाई नै मान्नु पर्ने देखिन्छ। उनीभन्दा अघि जीवको उत्पत्ति र विकासको सम्बन्धमा अन्य केही विद्वान्हरूले अध्ययन गरेको भए तापनि प्रामाणिक एवं समग्ररूपमा डार्विनले अध्ययन गरेको हुनाले पूर्वजहरूको कार्यमा पूर्णता उनैले प्रदान गरेका हुन् भनी मानिएको छ। जीवनको रूप परिवर्तनशील भएकोले निरन्तर नयाँ प्रकारका जीवहरूको विकास भई रहने र नयाँ जीव पुरानो प्रकारको भन्दा परिवर्तित र प्रतिकूल वातावरणमा जीवित र बढी स्थायी रहन सक्ने जस्ता धारणा डार्विनले आफ्ना महत्त्वपूर्ण पुस्तकहरू "दि ओरिजिन् अफ् स्पेसिज् बाइ मीन्स् अफ् नेचुरल् सिलेक्सन्" (The Origin of Species by Means of Natural Selection, १८५९ ई.) र "दि डिसेन्ट् अफ् मैन् एण्ड सिलेक्सन् इन् रिलेसन् टु सेक्स्" (The Desent of Man and Selection in Relation to Sex, १८७१ ई.) मा व्यक्त गरेका छन्।

जीवाणुदेखि स्तनपायी (Mammal) जीवसम्म र स्तनपायीमध्येका कीटभक्षी (Insectivora) बाट अर्द्धवानर (Pro–simian), वानर (Primates), शुष्कवानर (Dryopithecus), नरवानर (Anthropoids) र त्यसपछि रामनरवानर (Ramapithecus) को विकास भएकोबारे माथि पनि उल्लेख भएको छ। यसपछि दक्षिणी नरवानर (Australopithecus) को चरण हुँदै मानवको विकास भएकोबारे अर्को अंशमा चर्चा गरिनेछ।

५. रामनरवानर र मानव

यस अंशमा रामनरवानर (Ramapithecus) बाट दक्षिणी नरवानर (Australopithecus) को चरण हुँदै कसरी मानवको विकास हुन गयो भन्नेबारे चर्चा गरिन्छ। रामनरवानर (Ramapithecus) को प्रकृतिबारे माथि चर्चा भैसकेको छ तापनि यसको मानव आकृतिको स्वरूप र दक्षिणी नरवानर (Australopithecus) सितको सम्बन्धबारे सन्दर्भवश पुनः उल्लेख गरिनेछ।

५.१ रामनरवानर र दक्षिणी नरवानर

रामनरवानर (Ramapithecus) को मानव सदृश आकृतिबारे माथि उल्लेख गरिएको छ। यसको सन्ततिको रूपमा अहिलेसम्म अफ्रिकाको इथियोपियामा पाइएको दक्षिणी नरवानर (Australopithecus) को शारीरिक आकृतिलाई रामनरवानर (Ramapithecus) र मानव बीचको लुप्त शृङ्खला (Missing Link) को रूपमा मानिएको छ। यस अवशेष (इथियोपिया) लाई करीब ४० लाख वर्षअघिको भनी अनुमान गरिएको छ। सोभियत मानवशास्त्र एवं पुरातत्त्वविद् एम. नेस्तर्ख (M. Nesturkh) का अनुसार यसलाई सम्पूर्ण मानव वा एउटा अंशको पुर्खा

[51] प्रश्रित, मोदनाथ– जीवाणुदेखि मानवसम्म, लिसन प्रकाशन, तेस्रो संस्करण, १९८६ ई. (२०४३ वि. सं.), पृष्ठ ५८–५९।

भनी मान्न हालसम्म (१९६७ ई.) पाइएका प्रमाणहरू अपर्याप्त रहेका छन्[52]। माथि उल्लेख गरिएको अवशेषको स्वरूप रामनरवानर (Ramapithecus) को भन्दा भिन्न र आधुनिक अफ्रिकी मेध्यवानर (Chimpanzee) सित मिलेको, हालसम्म रामनरवानर (Ramapithecus) को समयकाल अन्तिम रूपले निर्णय नभएको र १९८१ ई. मा इटालीमा संपन्न भएको विशेष अन्तर्राष्ट्रिय गोष्ठीमा अवशेषको प्रमाणको अभावको कारण उल्लेखनीय विवाद रहेको[53] पाइएकोले रामनरवानर (Ramapithecus) को मानव स्वरूपमाथि शंका व्यक्त गर्ने कार्य भैरहेकै देखिन्छ। यस्तो आशंकालाई जीव-रसायनशास्त्री-हरू (Bio–Chemiest) ले पारमाणविक घडी (Molecular Clock) भनिने युरेनियम (Uranium) को सहयोगले वानर (Ape) बाट मानवको हांगा छुट्टिएको समय आजभन्दा करीब ६० लाख वर्षअघि हुनसक्ने मानेकोले रामनरवानर (Ramapithecus) को १.४ करोड वर्षको समयकाल-भन्दा निकै कम हुनाले पनि यसको दक्षिणी नरवानर (Australopithecus) सितको संबन्धमाथिको आशंका अरू बढेको देखिन्छ।

क्रमशः

---

[52] नेस्तर्ख, एम.– पूर्ववत्, पृष्ठ ६४।

[53] काङ्ग, प्रो. उ रू– ह्वेर दिद् ह्यूमैनकाइन्ड् ओरिजिनेट्।

आधुनिकीकरण र ताल्तीखोलाका चेपाङहरू

-डा. गणेशमान गुरूङ्ग

समाज विज्ञानको क्षेत्रमा आधुनिकीकरण शब्दको प्रयोग आज बढी प्रचलित छ । विगतका केही दशक यता समाज वैज्ञानिकहरूले (लर्नर १९५८, रोस्टो १९६०, मुर १९६६, लेबी १९६६) आधुनिकीकरणको अवधारणालाई आ-आफ्नो तरीकाले व्याख्यान र परिभाषित गरेका छन् । यसै अवधारणालाई एक आदर्श वा नमूना मानेर कतिपय भारतीय समाजशास्त्री र मानव शास्त्रीहरूले (श्री निवास १९६६, दुबे १९७०, सिंह १९७५, पाण्डे १७७६, र सच्चिदानन्द १९७६) भारतीय परिवेशमा आफ्नो सोधखोज र अध्ययन कार्य संचालन गरेका थिए । भारतको उत्तर पूर्वी भागमा बसोबास गर्ने भारतीय जनजातिहरूको (Tribes) अध्ययनमा आधुनिकीकरणको आधारमा तीनवटा नमूनाहरू जस्तै **संस्कृतिकरण**, **पश्चिमीकरण** र **विकास**लाई लिएर दुबेले (१९७६) सामाजिक परिवर्तनको अध्ययन गरेको थियो । वास्तवमा आधुनिक युगमा देखिएका सामाजिक परिवर्तनहरूलाई नै आधुनिकीकरण शब्दको प्रयोग गर्न सकिन्छ । यसकारण आधुनिकीकरण परिवर्तनको प्रक्रियासंग सम्बन्धित छ जसमा वैज्ञानिक र औद्योगिक प्रगति पर्दछ । त्यसैले यो प्रकिया सामाजिक जीवनको प्रत्येक क्षेत्रमा लागू हुन्छ । केही समाजशास्त्रीहरूले (श्री निवास १९६६, ऐसनस्टाड १९६६) आधुनिकीकरणलाई पश्चिमी मुलुकमा पाइने सामाजिक, आर्थिक र राजनैतिक परिवर्तन वा पश्चिमी मुलुकको सम्पर्कपछिका परिवर्तनलाई देखाएका छन् । संक्षेपमा आधुनिकीकरण भौतिक समृद्धिसंग सम्बन्धित रहन्छ र यसमा पश्चिमी मुलुकहरूको प्रभावलाई स्वीकार गर्नु पर्ने हुन्छ । तर यो भ्रम हुन भएन कि आधुनिकीकरण र पश्चिमीकरण एउटै हो; वास्तवमा यी दुई अवधारणा भिन्नभिन्नै हुन् । पश्चिमीकरणको अन्तर्गत केवल यस्ता परिवर्तनहरूलाई गणना गर्न सकिन्छ जुन पश्चिमी या युरोपीय मुलुकहरूको योगदानबाट संभव रहन्छ । त्यसैले आधुनिकीकरणलाई पश्चिमीकरणको सानो घेराभित्र राख्न सकिदैन । किनभने आधुनिकीकरणभित्र पश्चिमी र गैर पश्चिमी सबै प्रकारको प्रभावबाट उत्पन्न हुन सक्ने परिवर्तनलाई गणना गर्न सकिन्छ । आधुनिकीकरण र पश्चिमीकरण दुई अवधारणा बीच पाइने अन्तरलाई प्रा. श्री निवासले (१९६२) यसरी स्पष्ट पार्ने कोशिश गरेका छन्, 'आधुनिकीकरण' बाट भिन्न 'पश्चिमीकरण' शब्द नैतिक दृष्टिकोणले तटस्थ छ । यसको प्रयोगले खराब वा असल हुने कुरा सूचित गर्दैन जबकि 'आधुनिकीकरण' साधारणतया असल भन्ने अर्थमा मात्र प्रयोग हुन्छ "The term "Westernization" unlike "modernization" is ethically neutral. Its use does not carry the implication that it is good or bad, whereas modernization is normally used in the sense that it is good." त्यसैले सबै प्रकारको परिवर्तनलाई

आधुनिकीकरणको अवधारणाभित्र राख्न गाह्रो पर्दछ। यसको अर्थ हो केवल 'लाभकारी' र 'फाइदाजनक' परिवर्तनलाई मात्र लिन सकिन्छ। त्यसैले समाजशास्त्री र मानवशास्त्रीहरूले दिएका आधुनिकीकरणको अर्थबाट निम्न प्रक्रियाको जानकारी हुन जान्छ –

क) आधुनिकीकरण प्रक्रियाका कारकहरूको प्रभावको सम्पर्क।

ख) परम्परागत मूल्यहरूको त्याग।

ग) परम्परागत विश्वासको समाप्ति।

घ) नयाँ मान्यता र उद्देश्यहरू अपनाउनु।

यसरी आधुनिकीकरणलाई एक महत्त्वपूर्ण र व्यापक प्रक्रियाको रूपमा स्वीकार्नु आवश्यक छ जसले गर्दा एउटा कुनै पनि समाजको सम्पूर्ण संरचनामा परिवर्तन आउने हुन्छ।

जनजातिहरूको सन्दर्भमा आधुनिकीकरण

साधारणतया कुनै पनि समाजमा पाइने सामाजिक र सांस्कृतिक परिवर्तनका प्रक्रियालाई आधुनिकीकरणको अवधारणाभित्र राख्न सकिन्छ जसमा कम विकसित समाजहरूले अति विकसित मुलुकहरूमा पाइने साधारण गुण र विशेषताहरू ग्रहण गर्दै आइरहेका हुन्छन्। यस्ता गुणहरू पश्चिमी र गैर पश्चिमी जुनसुकै मुलुकबाट आयात गर्न सकिन्छ। त्यसैले आर्थिक र सांस्कृतिक क्षेत्रमा पाइने परिवर्तन नै आधुनिकीकरणका आधारभूत विषय हुन्। आधुनिकीकरणका अवधारणा कम विकसित समाज र देशका विकास प्रक्रियासंग सम्बन्धित हुने भएकोले यो अवधारणा प्राचीन र अति पिछडिएका जनजातिसंग सुहाउँदो हुन सक्दैन। किनभने प्राचीन अर्थव्यवस्था आधुनिक जटिल समाजको क्रयविक्रय अर्थव्यवस्थाभन्दा भिन्न रहन्छ जहाँ विनिमय व्यवस्थाले महत्त्वपूर्ण स्थान पाएको हुन्छ र आदिकालीन जीवनशैलीमा लघु परम्पराको प्रत्यक्ष सम्बन्ध रहन्छ। त्यसैले जनजाति र अन्य जाति जस्ता दुई प्रकारको समाजको आधुनिकीकरणलाई दुई किसिम वा भिन्नभिन्न तरीकाले दृष्टिगत गरिनु पर्दछ। त्यसैले यदि आधुनिकीकरणले कम विकसित समाजहरूलाई पश्चिमी वाअ धुनिक समाजको स्तरसम्म पुग्ने परिवर्तन र विकासलाई संकेत गर्दछ भने जनजातिहरूको सन्दर्भमा यसले जनजाति समाजको सन्दर्भमा कम विकसित समाजको स्तरसम्म पुग्ने विकास र परिवर्तनलाई लिन उपयुक्त देखिन्छ। जब यो जनजाति समाजले यो स्तर प्राप्त गर्दछ तब मात्र आधुनिकीकरणका संकेतहरू पर्न संभव हुने स्थितिको सिर्जना हुन जान्छ। वास्तवमा मानवसमाजको इतिहास परिवर्तनशील छ र यसैले केही प्रक्रिया र विश्रामस्थलहरू पार गर्दै गएको हुन्छ न कि एकैचोटि जंगली स्थितिबाट आधुनिक समाजको निर्माण भएको हुन्छ। त्यसैले विकास र परिवर्तनहरू कुनै पनि समाजमा एकैचोटि देखा पर्ने प्रक्रिया होइनन्, यो त क्रमशः स्तर पार गर्दै जाने प्रक्रियाको लामो बाटो हो।

त्यसैले यो लेख नेपालको मध्यमाञ्चल विकास क्षेत्रको अति विकट भीर पाखामा छरिएर जंगली मान्यतामा नै सीमित भएर बसोबास गर्ने हाल 'प्रजा' भनेर चिनिने आदिबासीहरूमध्ये अति पिछडिएका 'चेपाङ्ग' भन्ने समुदायमा देखापरेका परिवर्तनका रूपरेखा र परिवर्तनका कारकहरूको समेत खोज गर्ने प्रयास गरिएको छ। ताल्तीखोलाका चेपाङ्गहरूको अध्ययनमा आधारित यो लेखमा खासगरी उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक जीवनमा आइरहेका परिवर्तनहरूलाई देखाउने कोशिश गरिएको छ। नेपालको झण्डै १,२०० चेपाङ्ग घरपरिवारमध्ये महादेव पञ्चायत ताल्तीखोलामा मात्र २५९ घर परिवार रहन्छन्। यस बाहेक उक्त पञ्चायतमा ८२ बाहुन, ८३ मगर, ४३ क्षेत्री, २९ गुरुङ, ४५२ तामाङ र ३७ तल्लो समुदायका घर परिवार बसोबास गर्दछन्। यस लेखमा प्रस्तुत तथ्यांकहरू ताल्तीखोलामा १९८४–८५ मा सहभागी अवलोकन र अन्तर्वार्ता अनुसूचीबाट संकलन गरिएका हुन्।

पूर्व आधुनिकीकरणको सेरोफेरोभित्र ताल्तीखोलाका चेपाङ्गहरू

नेपालका चेपाङ्गहरूको बारेमा ज्यादै कम अध्ययन भएको छ। वास्तवमा चेपाङ्गहरूलाई चिनाउने प्रथम विद्वान्को रूपमा हडसनलाई (१८४८) लिन

सकिन्छ । उनले चेपाङ्गहरूलाई नेपालको आदिबासीका रूपमा लिएका छन् । यसपछि यिनीहरूलाई चिनाउने कार्य नेपालका प्रथम मानवशास्त्री प्रा. विष्टबाट (१९६७, १९७१।७२) भएको छ । अन्य विद्वान्हरूमा काउले, दहाल र बन्धु (१९७१), चौधरी (१९७७) र अधिकारी (१९७७) लाई लिन सकिन्छ । बाटाको छेउछाउबाट संकलन गरिएका अधूरा तथ्यको आधारमा लेखिएका सस्ता लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरी यिनीहरूलाई चिनाउने कार्य भने नभएका होइनन् । तर लोहत्तर खोलाका चेपाङ्गहरूको आर्थिक जीवनशैलीलाई लिएर नेपालका अर्का मानवशास्त्री डा. राईबाट (१९८५) भएको खोजपूर्ण अध्ययनलाई मानवशास्त्र र समाजशास्त्रको क्षेत्रमा महत्त्वपूर्ण अध्याय मान्नु पर्ने हुन्छ ।

"चेपाङ्ग" शब्दको उत्पत्ति बारेमा धेरै तर्क वितर्कहरू (व्याजू १९७७, काउले, दहाल र बन्धु १९७१, अधिकारी १९७७) प्रचलनमा छन् तापनि चेपाङ भाषामा "चे" भन्नाले **कुकुर** र "वाङ" भन्नाले **ढुंगा** भएको हुँदा **चेवाङ**बाट नै पछि **चेपाङ्ग** हुन आएको देखिन्छ । यसबाट यिनीहरूलाई नेपालको शिकार खेल्दै हिंड्ने एक जंगली आदिवासीको रूपमा लिन सकिन्छ। तर आजकाल भने चेपाङ्गहरूलाई "प्रजा" भनेर बोलाउने गरिन्छ र सरकारी कार्यालयहरूमा समेत 'प्रजा' जातिबाट उनीहरूको अभिलेख तयार भएको छ । 'चेपाङ्ग' भन्न मन नपराउने र 'प्रजा' भन्दा खुशी हुने र माथिल्लो जातको रूपमा संझने ताल्ती खोलाका चेपाङ्गहरूले पनि 'चेपाङ्ग' भन्दा आफूलाई तल्लो र हीनताको अनुभव गरेको पाइन्छ र आफ्नो जातिलाई गिज्याउन छिमेकी बाहुन क्षेत्रीहरूले राखेको जातीय नाम भनी दावी गर्दछन्, तर कछारे चेपाङ्गहरूमा भने यो परिवर्तन कमै रूपमा पाइन्छ । यसरी यिनीहरूमा 'प्रजा' भन्ने नयाँ जातीय नाम र आफ्नो चेपाङ्ग भाषाबाट राखिएको नामको सट्टा 'राम बहादुर, सीता देवी, कृष्ण कुमारी, हरि प्रसाद' जस्ता परिवर्तित हिन्दू नामहरू बढी प्रचलनमा आएको पाइन्छ । पुड्का, नाक थेप्चा, झट्ट हेर्दा तामाङग र मगरबाट छुट्याउन गाह्रो पर्ने मंगोलियन परिवारभित्रका यी चेपाङ्गहरू आफ्नो पैतृक सम्बन्ध राम, सीतासंग देखाई हिन्दू परिवारभित्र आफूलाई पार्दछन् जबकि दशैं, तिहार र तीज जस्ता हिन्दू चाडपर्वहरू यिनीहरूको लागि महत्त्वपूर्ण होइनन् । कछार क्षेत्रमा बस्ने चेपाङ्गहरू बाहेक बाटोको छेउछाउ र बाहुन क्षेत्री समाज वरपरमा बसोबास गर्ने चेपाङ्गहरूले झैं ताल्तीखोले चेपाङ्गहरू पनि आजकाल दशैं, तिहार जस्ता हिन्दू चाडहरू सामान्य रूपमा भए पनि मनाउँछन् । **नाम्रुङ पूजा**[1] र **छोनाम**[2] जस्तो स्थानीय चाडमा विश्वास गर्ने र **पांडे** भन्ने झांक्रीको तन्त्रमन्त्र र इशारामा बस्न यी परम्परावादी चेपाङ्गहरूले आफ्नो गाउँमा देवीदेवताको मन्दिर र मूर्तिहरू राख्ने नगरे तापनि ताल्ती वरडाँडास्थित शिवजीको मन्दिरमा बाटो हिंड्दा समेत फूल चढाउने र ढोग्ने भने गर्दछन् र दशैंमा देवीको मन्दिरमा पाठो भोग दिने गर्दछन् । यस्तै केही चेपाङ्ग परिवारहरूमा आफ्ना परम्परागत सामाजिक मूल्यहरूको विपरीत नवजात शिशुको नामकरण र विवाहसंस्कारमा बाहुन पुरोहितहरूको सरसल्लाह लिन थालेका उदाहरणहरू देख्न पाइएका छन् । यसरी नै छिमेकी समाजको देखासिकीबाट बिहान घर दैलो लिपपोत गर्ने, सुत्केरी बार्ने, चोखो पानी ल्याउने र खाना पकाइएका भाँडाहरू बिहान बेलुका सफा गर्ने संस्कार यिनीहरूमा विकास भएबाट प्रा. श्री निवासको (१९६६) भाषामा संस्कृतिकरणको प्रक्रिया भन्नु उपयुक्त देखिन्छ ।

थर गोत्रको ज्ञान नभएकोले सात पुस्ता[3] भित्रकै हाड नाताभित्र पनि र गुरुङ मगर समुदायमा झैं मामा

---

[1] हरेक वर्ष **नाम्रुङ** भन्ने वनदेवीलाई खुशी पार्न शिकार खेल्नु पर्ने र शिकार चढाउनु पर्ने चलन चेपाङ्ग समाजमा छ नत्रभने गाउँमा रोगव्याधी फैलने विश्वास प्रचलित छ ।

[2] **छोनाम**– न्वागी खाने चेपाङ्गहरूको महत्त्वपूर्ण चाड हो जुन भाद्र पूर्णिमाको दिन मनाइन्छ र उक्त दिनमा घैया, अमिलो फलफूल, नयाँ हरिया तरकारी र फलफूल पितृलाई चढाएर मात्र अरूले खाने चलन छ ।

[3] हेर्नुस– अधिकारी, शाहा र मिश्र १९७५:४४।४५ "प्रजाहरूको सामाजिक आर्थिक वस्तुस्थिति"

चेली फुपु चेलीमा विवाह सम्बन्ध कायम गर्न मन पराउने र आफूलाई सुनप्रजा[4] भन्दा गौरवताको अनुभव गर्ने ताल्तीखोले चेपाङ्गहरूमा पनि लहरी प्रजा भन्ने गरेका मकवानपुरे चेपाङ्गहरूमा बाइस थर भए झैं **ब्रोस्रो, मिजार, बुडौली, जारुङ्गे, गुल्सिङ, खोप्ला, सुजे** र **पचमैया** जस्ता थरहरूको नामोच्चारण गर्न थालेका र सात पुस्ताभित्रको नाता सम्बन्ध र आफ्नै थरभित्र विवाह हुन नसक्ने गरिएका दावीहरू बिस्तारै सुन्न थालिएका छन् । छोराछोरीको वैवाहिक सम्बन्धमा आमाबाबुको निर्णयात्मक भूमिका रहे तापनि व्यवहारमा केटाकेटी मेलापात, वनपात जस्ता एकान्त ठाउँमा भेटघाट र सम्बन्ध राखी आ–आफैं मिलेर विवाह गर्ने चलन बढी छ । व्यवस्थित विवाह हुन नसक्नुका मुख्य कारणहरूमा गरीबी र आदिकालीन चलन नै प्रमुख हुन् । तापनि आजकाल पुङ लिएर केटी माग्न जाने र च्यूरीको रूखको पेवा स्वरूप छोरीलाई दिनु सट्टा छिमेकी समाजकाले झैं भाँडाकुँडा र सानातिना गरगहना समेत विवाहमा दिएर पठाउने र दमाईहरू बोलाई बाजा बजाई विवाह गर्नेतर्फ आकर्षित भएको पाइन्छ । साली विवाह गर्न र भाउज्यू स्याहार्न पाइने र विधवा भाउज्यू पोइला गइ-हालेमा देवरले जारी बुझ्न पाउने चलन भएको ताल्तीखोले चेपाङ्गहरूमा पनि आजकाल जेठाजू बुहारी बीच ठट्टा, गफगाफ र छोइन नपाइने र भाउज्यू राख्न पाप संझने चलनको शुरूआत नै छिमेकी बाहुन क्षेत्री समाजको प्रत्यक्ष प्रभाव हो भन्न सकिन्छ ।

ताल्तीखोलें चेपाङ्गहरूको आर्थिक पक्षमा दृष्टिगत गर्दा निकै परिवर्तनहरू देखापरेको अनुभव गरिएको छ । जंगलबाट खानेकुरा जम्मा गर्नु, शिकार खेल्नु र माछा मारी जीवन निर्वाह गर्नु चेपाङ्गहरूको परम्परागत पेशा हो । आजपनि ताल्तीखोलादेखि एक डेढ घण्टाको पैदल यात्राबाट एक दुई डाँडा काटी विकट कछार क्षेत्रमा गएमा बाबु आमा खानेकुरा खोज्न जाँदा अझै पनि ससाना बच्चालाई खाल्टो खनेर त्यस-भित्र राखी माथि हरियो स्याउला पातले छोपेर छोड्ने चलन छँदैछ (अधिकारी १९७७:३०) वा बच्चालाई खुट्टा वा ढाडमा डोरीले बाँधेर वरपर खेल्न हुने गरी एउटा खम्बासित बाख्राको पाठा वा कुकुरलाई झैं बाँधेर घरै छोडेर **भ्याकुर, तरुल, सिस्नो, टांको, च्युरी, च्याउ, त्यागन** लगायत **भर्लाङ** जस्तो अति विषालु जंगली विरूवाको जरा, जसलाई ५।७ पटक उमालेर पानीमा धोएर मात्र खाइन्छ आदि कन्दमूल संकलन गर्ने चलन जीवित नै छ । तर ताल्तीखोले चेपाङ्गहरू जंगली अवस्थाको कन्दमूल जम्मा गर्ने पैतृक पेशालाई छाडेर छिमेकी समुदायका मानिसहरू झैं कृषि धन्दातिर झुकाव भएको र खाना नपुगे आषाढ र मंसीरमा चितवनमा गई ज्यालादारी काम गरी अन्न र पैसा लिएर आउने, पृथ्वी राजमार्ग मलेखु बजारतिर काम खोज्न जाने वा छिमेकी बाहुन क्षेत्रीको घरमा काम गर्न जाने प्रवृत्तिको विकास भएको पाइन्छ । जंगल मार्सिदै जानु, जंगलमा स्वतन्त्रपूर्वक शिकार खेल्न प्रतिबन्ध लाग्नु र बाढीपैरोले खोला पुरिएर माछा नपाउनु र जिल्ला पञ्चायतको खोलामा माछा मार्न ठेक्का लानु जस्ता कारणहरूले गर्दा एकातिर आफ्नो युगयुगदेखिको पैतृक पेशा छाड्न यिनीहरू बाध्य भएका छन् भने अर्कोतिर ताल्तीखोले बाहुन क्षेत्रीहरूको देखासिकीबाट पनि यिनीहरूले कृषि र अन्य पेशातिर झुकाव देखाएको छ । आफ्नो पैतृक कन्दमूल खोज्दै हिंड्ने फिरन्ते जीवनप्रति ताल्तीखोले चेपाङ्गहरू आजकाल घृणा देखाउनुको साथै लाज मान्दछन् । यस बाहेक ताल्तीखोला निक्कै उब्जाउ र धनी क्षेत्र भएकोले पनि यिनीहरूले साहुहरूमा काम र ऋण पाउँदै आएका छन् । ताल्तीखोलाकै घैराङ गाउँका चेपाङ्गहरूले मधेश लागेका बाहुनहरूबाट खोलाका खेतहरू किनेर, जुन धान्न, मकै, गहुँ उब्जाउँदै आएका छन्, त्यो हेर्दा उनीहरूलाई एक नेपाली कृषक समाजको रूपमा गणना गर्न सकिन्छ । यति मात्र होइन घैराङ गाउँको सुन्तला खेती हेर्दा त यिनीहरूलाई चेपाङ्ग भन्न पटक्क सुहाउँदैन । यसरी सुन्तला, च्युरीको घिउ, केरा र अन्य फलफूल लिएर मलेखु बजारतिर लाग्ने चेपाङ्गहरूले पृथ्वी राजमार्ग भएर आवातजावत गर्ने काला, गोरा, अनेक थरिका

[4] हेर्नुस– विष्ट 'People of Nepal'

मानिसहरूलाई देख्ने मौका पाउँछन् भने अर्कोतर्फ नेपाली, हिन्दी, अंग्रेजी भाषाका लवजहरू सुन्न पाउँछन् । अतः बेलुका घर फर्कंदा चियापत्ती, चिनी, चाउचाउ, नूनतेल, नयाँ नौला नोटका साथै बाहिरी समाजसंग भएको सम्पर्कको फलस्वरूप नयाँ नयाँ कुरा र घटनाहरू गाउँमा लिएर फर्कछन् र साँझपख सबै भेला भएर सुन्ने र सुनाउने गर्दछन् जसबाट उनीहरूमा नयाँ नयाँ उत्सुकता देखा पर्दछ । यस बाहेक प्रजा (चेपाङ्ग) विकास कार्यक्रमबाट दिने गरिएका नयाँ नयाँ बिऊहरू, फलफूलका बिरूवाहरू, खसी–बोकाहरू र रासायनिक मलको वितरण र ताल्तीखोला बरडाँडामा हरेक वर्ष चेपाङ्गहरूलाई मात्र दिने गरिएका सिकर्मी, डकर्मी र बुनाई जस्ता तालीमले उनीहरूको मनस्थितिमा नयाँ कल्पना र बढ्दो चाहनाहरूको जन्म गराइरहेको छ । यसले गर्दा आदिकालीन विनिमय व्यवस्थाको शुरूआत भएको छ ।

राजनीतिक दृष्टिकोणले हेर्दा चेपाङ्गहरूमा आएको चेतना जनमत संग्रहपछि मात्र शुरू भएको अनुभव हुन्छ । आजका ताल्तीखोले चेपाङ्गहरू पुरानो मुख्यौली (मिजार) नेतृत्वमा विश्वास गर्नुको सट्टा छिमेकी समाजमा झैं यिनीहरू पनि पञ्चायती व्यवस्था र यसका कार्यकर्ताहरू नै आफ्नो ग्रामीण समस्याका समाधान गर्ने र विकास गर्ने कार्यमा जिम्मेवार छन् भन्ने कुरा बुझ्न थालेका छन् । पुर्खौं देखि साहूलाई ऋणको ब्याज बीचबीचमा खसी–बोका दिनु पर्ने बाध्यता र ऋण तिर्ने नसक्दा आफ्ना पूर्खाहरू आजीवन बाँधा बस्नु परेका उदाहरणहरू र साहूबाट भएका यस्ता थिचोमिचो र शोषणबारे खुला व्यक्त गर्न नसके पनि बुझ्न सक्ने अनुहारहरू विस्तारै देखापर्न थालिरहेका छन् । महादेव गाउँ पञ्चायतको बितेका निर्वाचनहरूमा प्रधानपञ्च पदमा चेपाङ्ग उम्मेदवार बाहुन उम्मेदवार विरूद्ध चुनावी मैदानमा देखा पर्नु चेपाङ्गहरूको लागि कम साहसको कुरा थिएन । यस बाहेक उनीहरू हेपिनु पर्ने कारणमा गरीबी र अशिक्षा भएको कुरा उनीहरूले बुझ्न थालिरहेको विश्वास उनीहरूको शिक्षाप्रतिको झुकावबाट बुझ्न सकिन्छ । हाल ताल्तीखोलाका स्कूलहरूमा चेपाङ्ग विद्यार्थीहरूको बढ्दो संख्याले यसलाई पुष्टि गर्दछ । यस सन्दर्भमा घैराङ गाउँको प्राथमिक विद्यालयमा मात्र ३५ जना चेपाङ्ग बालबच्चाहरू अध्ययनरत भएबाट एउटा संतोष प्राप्त हुन आउँछ ।

यसरी चेपाङ्गहरू आजकाल केराको पात र टपरीमा खानपान गर्नुको सट्टा आधुनिक भाँडाहरूको प्रयोग र केराको पात, नलपराल र काठको फल्याकमा सुत्नुको सट्टा कपडाको सिरक, डस्ना र कम्बलको प्रयोग गर्न थालेका छन्, अर्धनग्न शरीरलाई कपडाले ढाक्न सक्ने भएका छन् र नयाँ अनुहार देख्दा तर्सनुको बदला गाउँको लागि कुनै योजना आएको हो कि भनी ठाडो प्रश्न गर्न सक्षम नभए पनि उत्सुकता देखाउन सक्ने भएका छन् ।

ताल्तीखोले चेपाङ्गहरूमा देखापरेको र भैरहेको परिवर्तनका प्रक्रियालाई आधुकिकीरण भन्न सकिदैन र मिल्दैन पनि । यो त केवल समानान्तर परिवर्तन मात्र हो । जे भए तापनि जे जति परिवर्तनका संकेतहरूको माथि छलफल गरियो, त्यसबाट आधुनिकीकरणको प्रक्रियाको लागि पूर्वाधार सिर्जना गर्ने तर्फ सजिलो हुने अनुमान भने गर्न सकिन्छ । यसको साथै यी माथिका निर्माण भएका राजमार्गहरू, आधुनिक शैक्षिक र संचारको विकास र चेपाङ्गहरूको उन्नतिको लागि लागू गरिएको प्रजा विकास कार्यक्रम नै प्रमुख रूपमा लिन सकिन्छ ।

References

Adhikari, G. C., 1977, 'Chepang Jati ko Vikas: Ek Dhristikon', *Panchayat Darpan*, Vol. 8, No. 2.

Bista, D. B., 1967, *'People of Nepal'* Ratna Pustak Bhandar, Kathmandu (Revised 1980).

Byaju, B. G., 1977, 'Chepang Jati Ko Vikas, *Panchayat Darpan,* Vol. 8., No. 1.

Caughley, R. C., B. M. Dahal and C. M. Bandhu, 1971, 'Notes on Chepang Culture', *Journal of Tribhuvan University,* Vol. 6, No. 1.

Dubey, S. M., 1970, *'Traditions and Modernization'* Indian International Publications, Allahabad.

Eisenstadt, S. N. 1966, *Mordernization,Protest and Change*, Prentice Hall, New Delhi.

Hodgson, B. H., 1848, 'On the Chepang and Kusunda Tribe of Nepal' Journal of Asiatic Society of Bengal, Vol. XVII, P. II, 1848, *Reprinted in Essays of the Language, Literature and Religion of Nepal and Tibet,* Pt. II,1957.

Lerner, D. 1958, *The Passing of Traditional Society,* The Free Press of Glencoe.

Levy, M. T., 1966, *Modernization and the Structure of Societies,* Princeton, New Jersey, Princeton University Press.

Rai, N. K., 1985, *People of the Stones: The Chepangs of Central Nepal,* CNAS, T. U., Kirtipur.

Rai, N. and Chaudhari, 1975. *Chepang Jatiko Samajik Arthik Samunnati Survechhyan,* CEDA, Kirtipur.

Rostow, W. W., 1960, *Stages of Economic Growth,* Cambridge University Press.

Sachchidananda, 1976. 'Tradition Modernity and Modernization in S. K. Srivastava (ed) *Tradition and Mordernity.*

Singh, Yogendra, 1975. *Modernization of Indian Tradition,* Thomson Press (India) Ltd., Delhi.

Srinivas, M. N., 1966. *'Sanskritization in Social Change in Modern India.'* Berkley University of California Press.

Shaha, Rishikesh, 1975. *An Introduction to Nepal,* Kathmandu, Nepal.

Sharma, Nagendra, 1976. *Hamro Samaj: Ek Adhyan'* (In Nepali).

Thapa, B. B., 1974. 'Chepangharu Sang Kehi Din, *Madhupark*, 7 (5) (in Nepali).

Upreti, D. R., 1966. 'Chepang Bhanne Nepali Jati' *Hamro Saskriti* (in Nepali).

Varya, T. V., 'The Chepang' *Rising Nepal,* July 14.

गोकर्णेश्वर महादेव मन्दिर जीर्णोद्धार

–शोभा श्रेष्ठ

काठमाडौं वरपर छरिएका, बिग्रएका र बिग्रन लागेका विभिन्न स्मारकहरूको संभार गर्ने उद्देश्यले काठमाडौं उपत्यका सांस्कृतिक सम्पदा संरक्षण गुरुयोजना लागू गरिएको हो। उक्त योजना अन्तर्गत गोकर्णस्थित प्राचीन मन्दिर तथा स्मारकहरूको संभार तथा संरक्षण गर्ने कार्य आर्थिक वर्ष २०३७।३८ देखि शुरू गरी अहिलेसम्म चालू रहेको छ।

काठमाडौंदेखि करीब ८ कि. मी. उत्तर पश्चिम बागमती, रूद्रमती र चन्द्रमतीको संगमस्थलमा गोकर्ण तीर्थ अवस्थित छ। पौराणिक समयदेखि यस क्षेत्रको महिमा र यस तीर्थस्थलको उत्पत्तिबारे पुराणमा भएको कथा अनुसार "अघि सत्ययुगमा श्री महादेव मृगरूप भै श्लेषमान्तक वन विहार गरिएका बखत ब्रह्मा, विष्णु, इन्द्र तीनैले खोजी फेलापारि घेरा दिई सिङमा पक्रँदा सो सिङ तीन टुक्रा भई तीनैजनाको हातमा परे। विष्णुको हातको अमरावतीमा स्थापना गर्न गए, इन्द्रको हातको पाताललोकमा स्थापना गर्न गए, ब्रह्माको हातको गोकर्ण पितामह तीर्थका समीपमा बागमतीको तीर स्थापना गरी गोकर्णेश्वर नाउँ गरिएका हुन्। पछि त्रेतायुगमा रावणले तपस्या गरी वरदान पाई तीनैलोक जिती राज्य गऱ्यो, यी परमेश्वर यस्ता प्रत्यक्षका हुन्।"

त्यहाँ भेटिएको लिच्छवि अभिलेखबाट पनि उक्त क्षेत्रको ऐतिहासिक महत्त्व प्रष्ट पारेको छ। ने. सं. ५१२ मा राजा जयस्थिति मल्लले पनि सो मन्दिर बिग्री भत्किरहेकोले जीर्णोद्धार गरी पूजाभाँडा पनि बनाई दक्षिण भट्टले पूजा गराई गुठी राखीदिए। सो समयदेखि अहिलेसम्म गुठी संस्थानको स्वामित्वमा रहेको उक्त मन्दिरको पूजापाठ, चाड, पर्व, जात्रा दक्षिण भट्ट ब्राह्मण-बाट भैरहेको छ।

श्री ५ को सरकारको अनुरोधमा यूनेस्कोले गोकर्ण क्षेत्रको विस्तृत सर्भेक्षण गरी प्रकाशित गरेको प्रतिवेदनमा गोकर्ण क्षेत्रलाई स्मारक क्षेत्र (Monument Zone, V–M26) मा वर्गीकृत गरी सो क्षेत्रलाई संरक्षण गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। यूनेस्कोले विश्वका विभिन्न देशहरू, सरकारी तथा गैर सरकारी संस्थाहरूसंग काठमाडौं उपत्यकाका प्राचीन स्मारकहरूको संवर्द्धन र संभार गर्न सक्ने आर्थिक सहायता दिन अनुरोध गरिएकोमा अमेरिकाको वासीङ्ग-टनस्थित गैर सरकारी निकाय World Monument Fund ले यस क्षेत्रमा रहेका मन्दिर र प्राचीन स्मारकहरूको जीर्णोद्धार गर्न र वातावरण सुधार गर्न आर्थिक सहायता दिन मंजूर गरेको थियो। तर त्यस कार्यको लागि लाग्ने कूल रकमको ७५ प्रतिशत दाता संस्थाबाट अनुदान र २५ प्रतिशत श्री ५ को सरकारबाट व्यहोरिने सिद्धान्तमा सहमति भए अनुसार नै भएको हो। उक्त जीर्णोद्धार कार्य गर्न पुरातत्त्व विभागमा



गोकर्णेश्वर महादेव मन्दिर (जीर्णोद्धारपछि)



गोकर्णेश्वर महादेव (जीर्णोद्धार अगाडि)

बुट्टेदार काष्ठकृति (जीर्णोद्धार पछि)



बुट्टेदार काष्ठकृति (जीर्णोद्धार अगाडि)



विष्णु पादुका मन्दिर

रहेका प्राविधिकहरूबाट नै गर्ने गरी मलाई र सहयोगीको रूपमा तेजरत्न ताम्राकर र हीराबहादुर ताम्रकार समेत खटाइएको थियो । तर समय समयमा आइपर्ने प्राविधिक र विषयगत समस्याको समाधान गर्न तत्कालीन यूनेस्को सल्लाहकारबाट पनि धेरै सहयोग प्राप्त भएको थियो ।

गोकर्ण तीर्थस्थल नेपाल अधिराज्यमा रहेका हिन्दू तथा बौद्धमार्गीहरूको लागि अति महत्त्वपूर्ण धार्मिक स्थलको रूपमा रहेको छ । धार्मिक सहिष्णुतामा विश्वास गर्ने सम्पूर्ण नेपाली चाहे हिन्दू होस् अथवा बौद्ध संगसंगै बसी पूजा गर्ने गर्दछन् । हिन्दूहरू यस मन्दिरमा रहेको मूर्तिलाई महादेवको रूपमा र बौद्धहरू गगनगंज बोधिसत्वको रूपमा पूजा गर्दछन् । यहाँ रहेको महादेव मन्दिर बाहेक विष्णु पादुका मन्दिर, गजाधर नारायण पाटी, मुक्तिमण्डल, भजनघर, गोकर्णेश्वर पाटीहरूको जीर्णोद्धर कार्य समाप्त भएको छ। अहिले पार्वती मन्दिरको जीर्णोद्धार कार्य, गोकर्णेश्वर पाटीलाई वागमती नदीको कटानबाट बचाउन ग्लाभिङ्ग वाल निर्माण र वातावरण सुधार कार्य बाँकी छ । दाता संस्था World Monument Fund बाट आर्थिक सहायता प्राप्त भए आगामी आर्थिक वर्षमा उक्त कार्यहरू सम्पन्न गरिनेछ । यस बाहेक १८ औं शताब्दिमा बलभञ्जन पाँडेद्वारा स्थापना गरिएका मूर्तिहरूको पनि सम्बर्द्धन हुन आवश्यक छ ।

गोकर्ण महादेव मन्दिर

गोकर्ण क्षेत्रमा गरिएका जीर्णोद्धार कार्यमा गोकर्ण महादेव मन्दिर प्रमुख हो । काठमाडौं उपत्यका बाहेक नेपाल अधिराज्यका विभिन्न स्थानबाट तीर्थ यात्रीहरू भाद्र महीनाको कुसे औंसी, पुस महीनाको गया औंसीमा प्रशस्त आउने गर्दछन् । शिवरात्रिमा मन्दिरभित्र रहेका सुन मोलम्बा ढलोटको शिवलिङ्गलाई जात्रा गरी गोकर्ण गाउँमा लगी रातभर त्यहाँ राखी भोलिपल्ट मन्दिरमा फिर्ता ल्याउने चलन छ । बौद्धमार्गीहरूको बाह्र तीर्थमध्ये एक तीर्थको रूपमा रहेको र अष्टमीको पूजा गर्दा यहाँबाट शुरू गर्ने चलन छ । अक्षय तृतीया, चतुर्मासको हरिसयनी र हरिवोधिनी एकादशीमा पर्व चलाउन गुठी संस्थानबाट कर्मचारी गई चलाउने परम्परा अझै कायम छ । तीर्थ यात्रीहरूलाई मन्दिरको भित्री भागमा जान निषेध छ ।

नेपाल अधिराज्यमा पशुपतिनाथपछि गोकर्ण महादेवको महिमा छ । तीन तले छत्र शैलीमा बनेको यस मन्दिरमा बिहान बेलुका नित्यपूजा दक्षिण भट्ट ब्राह्मणबाट गर्ने र सहायक रूपमा यहाँका ब्राह्मण पूजारीले गर्ने गर्दछन् । सुसारे, बाजावाला, चौकी गरी प्रशस्त कर्मचारी रहेकोमा आफूले पाइरहेको आयस्ता नपाएको हुँदा कोही पनि आफ्नो काम गर्न जाँदैनन् । गुठी संस्थानको खातामा तिनीहरू दर्ता मात्र छन् । यस मन्दिरको सबैभन्दा माथिल्लो छाना सुन मोलम्बा पित्तल पाटाको र गजूर ढलोटको छ । उक्त छाना रणबहादुर शाहको शासनकाल शाके १७५१ मा राखिएको कुरा छानामा रहेको अभिलेखबाट प्रष्ट पारेको छ । जुन यस प्रकार छ–

श्री गणेशाय नमः।। शाके १७५१ भूवाण सप्तेन्दु भितेमा धेड सिते कुजे ।। दिने मकर संक्रात्तौ तृतियां सुपर्वणिः।। श्री मन्महाराजाधिराजस्य महात्मन।। श्री मद्रणवहादुर नृपतेर्यः कुमारकः।। श्री मद्शोद्योत वर्म्मा सदा साम्व शिवार्धकः।। श्री भोग पत्नी भुवन
कुमार्य्या प्रार्थितः पुमान ।। ए ताश्वत स्रःप्रासादच्छ दि षस्ता स्र निर्मिताः।। कृत्वा सुवर्ण सछन्ना सर्वे दृष्टि मनोहराः।। ना ना शोप्नो पयोगा विकरो पस्कर संयुताः।। सर्वेषा प्राणिना नित्यं मनोऽषव विनाशिनीः।। ज्योतिर्लिङ्गो नम श्री मग्दोकर्णेश्वर तृष्ट ये ।। स्वात्मीय पाप नाशय पितृशां मुक्तये तया ।। आद्रय व्राह्मणं ञ्दुन्ह्वा न्विधि ज्ञान्परी पूज्यतान् ।। कृत्वा प्रतिष्ठा विधिनाताः संकल्प समर्पयतः ।। द्रत्वा पूर्णाद्र तिते भ्यो दत्वा दा ना नि भूरिशः।। गोभूरत्न हिर रा पा न्न ना ना वस्त्रा दिका निव ।। भक्तया गृही त्वात भ्या पि मु द्र श्वै वश्रु भाशिषः तात्ति सृज्य नि जे गे हे प्रविश्यस्व गृहं स्वयम ।। सर्व रोग विनिमुक्तो निः पापो नि रू प द्र वः ।। शत वर्ष सविहरे त्म्वः मनोऽमीष्टलीलया ।। अत्रये मकर्त्तारोमहा पातक पञ्चकैः ।। संयुतास्ते भविष्मंति सत्व साक्षी स्वयं शिव ।। शुभ मस्तु ।। शिव शिव शिव शिव ।।

पहिलो र दोस्रो छाना झिङ्गटीको छ । यसमा प्रयोग गरिएका टुँडालहरू सबैमा शिव परिवारको मूर्ति कुँदिएका छन् भने झ्यालहरू पनि सबै बुट्टेदार छन् । सबैभन्दा राम्रो कलात्मक बुट्टा मन्दिरको बाहिरी गान्होमा चारैतिर कुँदिएका छन् । पूर्वतर्फको मूल ढोका मात्र सुन मोलम्बा ढलोटको छ । मन्दिरको भित्री खण्ड प्रदक्षिणा पथ रहेको ठाउँमा पनि चारैतिर सुन मोलम्बा ढलोटका कार्नेस र ढोका छन् । यहींबाट दर्शन गर्न आउने भक्तजनहरूबाट देवताको दर्शन गर्न सक्दछन् । मन्दिरको सबैभन्दा भित्री खण्डमा मूर्तिको रूपमा एउटा शिला छ जसलाई मृगको सिङको एक भागको रूपमा प्रतिष्ठापना गरिएको भनिन्छ, त्यसै लाई पूजा गरिन्छ । यो मन्दिरमा रहेको सुन मोलम्बा ढोकाहरू विभिन्न दाताहरूबाट चढाइएको कुरा त्यहाँको अभिलेखबाट प्रष्ट हुन्छ, जुन निम्न प्रकार छ–

१. पूर्वतर्फको अभिलेख मन्दिरको भित्री खण्डमा–

श्री ३ गोकर्णेश्वर प्रिति संवत १९०२ साल फागुन शुदी १२ रोज २ का दिनमा श्री गोकर्णेश्वरको पूर्व द्वार सुनको ढोका बनाई श्री कपर्दार वलभञ्जन पाण्डे भार्या श्री विष्णु कुमारी श्री उमा देवी पुत्री खड्ग कुमारी सकल परिवारले श्री गोकर्णेश्वर शिव प्रिति चढायु शुभमसात ।

२. भित्री खण्डको दक्षिण तर्फको ढोकाको अभिलेख–

श्री गोकर्णेश्वर प्रिति सम्वत १९०२ साल मिति फागुन शुदी १२ रोज २ का दिनमा श्री गोकर्णेश्वरको दक्षिण द्वार सुनको ढोका बनाई श्री काजी तुलाराम पाण्डे भार्या सरस्वतीका पुत्र कपर्दार भोटु पाण्डे भार्या अन्नपूर्ण पुत्र श्री कपर्दार वलभञ्जन पाण्डे भार्या श्री विष्णु कुमारी श्री उमा देवीपुत्री खड्ग कुमारी नाती थलवीर वहादुरले श्री ३ गोकर्णेश्वर शिव प्रिति चढायु शुभम ।

३. उत्तर तर्फको ढोकाको अभिलेख-

श्री गोकर्णेश्वर प्रिति संम्वत १९०८ साल मिति कार्तिक शुदी १० रोजमा उत्तर द्वारमा सुनको ढोका वनाई श्री कपर्दार वलभञ्जन पाण्डे भ-रनु कुमारी र उमादेवी पुत्री खड्ग कुमारी सहित भै श्री गोकर्णेश्वरमा चढायुं ।

४. पश्चिम तर्फको ढोकाको अभिलेख–

श्री गोकर्णेश्वर प्रिति सम्वत १९०९ साल मिति कार्तिक शुदी १० रोजमा पश्चिम द्वारमा सुनको ढोका बनाई कपरदार वलभञ्जन पाण्डे भर्या विज्र्या विश्नु कुमारी उमादेवी पुत्री खड्ग कुमारी सहित भै श्री गोकर्णेश्वरमा चढायु ।।

माथि उल्लेख गरिएका अभिलेखहरू महादेव मन्दिरको भित्री खण्डको ढोकाहरूमा रहेका छन् । मन्दिरको मूल द्वार पूर्व तर्फ रहेको र त्यस द्वारस्तम्भको तल्लो भागमा पनि उक्त सुवर्ण द्वार निर्माण गरी राखिएको अभिलेख निम्न अनुसार छ–

क. दाँयातिरको द्वारस्तम्भको अभिलेख–

सम्वत १९७६ भाद्र वक्कल्भ त्रयोदश्या तिथौ तिष्पन क्षेत्रे व्यक्ति पात योगेश निवार सरे सिंहाकं ७ दिन गते त दिने ललितपहन ढौवहाल निवासी अमात्य जितगोविन्दस्य विवाहिता भर्या संवकुमारी नाम्नी श्री ३ गोकर्णेश्वर सुप्रीतये ताम्र निर्मित सुवर्ण स्वचित द्वार स्तंभ पुत्रा अमात्य पुर्ण गोविन्द तेज गोविन्द वद्रि गोविन्द सहाहं समर्पयामी ।

ख. बायाँतिरको द्वारस्तम्भको अभिलेख–

सम्वत १९७६ साल भाद्र वाक्कल्भ त्रयोदश्यौ तिष्पन क्षेत्रे व्यतीपाट योगेश निवासरे सिंहाकं ७ दिन गते त दिने श्री ३ गोकर्णेश्वर सुप्रीतये ललितपट्टन दौवहाल निवासीनी वैना नीनामान्या भर्ता हरिगोविन्द वैकुंठ निवास काम ताम्रनिर्मित सुवर्ण स्वचित द्वार स्तंभ पुत्रौ अमात्य किर्ति गोविन्दस्या स्यामगोविन्दाभ्यां सहाहं समर्पयामी ।

त्यहाँ पाइएका अभिलेखहरूबाट उक्त मन्दिरको जीर्णोद्धार विभिन्न समयमा विभिन्न दाताहरूबाट भएको प्रष्ट हुन्छ । गुठी संस्थानको पूर्ण स्वामित्व भएको उक्त मन्दिरको हेरविचार, मर्मत र संभार गर्ने कार्य पनि गुठी संस्थानबाट हुने गरे अनुसार २०१६ सालमा स्वर्गीय श्री ५ महेन्द्रको राज्यकालमा गुठी संस्थानबाट भएको पनि हो, तर पुरातात्त्विक सिद्धान्त

अनुसार रासायनिक प्रक्रियाद्वारा संरक्षण नभएकोले चाँडै बिग्रन गई छानाबाट पानी चुहिएकोले दलीनहरू बिग्री खस्ने अवस्थामा रहेको र चारैतिर झारपातले गर्दा मन्दिरको महत्त्वलाई दृष्टिगत गरी त्यहाँ जीर्णोद्धार कार्य शुरू गरिएको थियो। उक्त कार्य शुरू गर्दा त्यहाँ बस्ने जोगीले जनतालाई भड्काई सो कार्य गर्न नदिने ठूलो कोशिश गरेको थियो। त्यसकारण त्यस जोगीलाई नै त्यहाँबाट उठाएर नजीकैको उत्तर बाहिनी तीर्थमा राख्ने निधो गरेर प्रहरीको सहयोगबाट उक्त जोगीलाई हटाएपछि मात्र जीर्णोद्धार कार्य शुरू भयो। आर्थिक वर्ष २०३७।३८ देखि शुरू गरिएको उक्त कार्य अन्तर्गत गोकर्ण महादेव मन्दिर, विष्णु पादुका, गजाधर नारायण पाटी, मुक्तिमण्डल, भजन घरको साथै गोकर्णेश्वर पाटीको मर्मतको काम समाप्त भइसकेको छ। अहिले पार्वती मन्दिरको जीर्णोद्धार गर्न बाँकी छ। त्यहाँको वातावरण सुधार गर्ने सम्बन्धमा वागमती नदीको किनारमा रहेका शिवालयहरूको पनि मर्मत तथा संभार हुनु आवश्यक छ। यी सबै काम अमेरिका स्थित World Monument Fund र श्री ५ को सरकारको संयुक्त सहयोगमा हुने सल्लाह भएकोमा अहिले दाता संस्थाबाट सो काम गर्न त्यत्तिको उत्सुकता नखाएकोले काम रोकिएको छ र श्री ५ को सरकारले आर्थिक सहयोगको लागि अनुरोध पत्र पठाएको छ।

महादेव मन्दिरको जीर्णोद्धार कार्यको थालनीमा तीनै छाना भत्काउनु पर्ने भएकोले पहिला टुँडालहरू सबै झिकी सुरक्षित स्थानमा राखिएपछि भत्काउने कार्य शुरू भयो। सबैभन्दा माथिल्लो छाना २०१६ सालको मर्मत कार्यमा पनि मर्मत नगरिएकोले बिग्रेको गजूर अडाउने काठको पूरा फ्रेम नै पानीले कुहिएको हुनाले सो सम्पूर्ण काठको फ्रेम नयाँ बनाई राखियो। छाना छाएको पित्तलपातामा पनि धेरै बिग्री जीर्ण भएका जति नयाँ फेर्ने काम भएको थियो। मर्मत कार्य सकिएपछि विशेष किसिमको रसायनद्वारा सफा गरिसकेपछि मात्र फेरि छानामा लगाइएको थियो। पूर्ण रूपमा तीनै छानाका सबै दलिन, मुठल, फलेक, मुसी पनि नयाँ तैयार भएपछि सबैलाई कम्तीमा २४ घण्टा मट्टीतेल र रसायन मिलाई बनाइएको झोलमा डुबाइसकेपछि मात्र छानामा प्रयोग गरियो। उक्त जीर्णोद्धार कार्य गर्दा सकेसम्म धेरै दिनसम्म टिक्ने किसिमले होस्, चाँडो चाँडो बनाइरहनु नपरोस् भनेर तल्लो दुई छानामा प्रयोग हुने माटो र झिङ्गटीमा समेत रसायन प्रयोग गरिएको छ। तर हाम्रा धेरै जसो मन्दिरहरूमा शान्तिका प्रतीक मानिएका परेवाहरू बस्ने भएकोले झारपात फोहर मैलाबाट बचाउन असम्भव नै छ। उक्त मन्दिर जीर्णोद्धारको सिलसिलामा भित्री भाग र माथिल्लो तलाका भूईंहरूमा जम्मा भएको परेवाको बिष्टामात्र फ्यांक्न पनि हप्तौं लागेको थियो। जहाँसम्म परेवा मन्दिरमा बस्दछन्, मन्दिरलाई पूर्णरूपले सफा राख्न गाह्रो छ। वास्तवमा यो समस्या हामीकहाँ मात्र होइन, पश्चिमी मुलुकमा पनि यस्तै समस्या भएको कुरा त्यहाँबाट आएका पर्यटक र प्राविधिकहरूबाट ज्ञात हुन आएको छ। तर फरक यो छ त्यहाँ तिनीहरू अहिले परेवा मार्नतिर पनि लागेका छन्, जुन यहाँ संभव छैन।

उक्त मन्दिरमा प्रयोग भएका सम्पूर्ण टुँडालहरूलाई सफा गरी रसायनको झोलमा आधा घण्टासम्म डुबाइसकेपछि मात्र प्रयोग गरिएको छ। त्यसपछि उक्त मन्दिरको तल्लो तलाको गाह्रोमा कुँदिएका बुट्टेदार कलात्मक काष्ठकृतिलाई सफा गर्ने कार्य गरियो। पहिले पहिले उक्त ठाउँमा तोरीको तेल लगाएर बलियो गराउने गरिएकोमा पछि ठेकेदारहरूबाट ल्याइने तेल नराम्रो भएकोले सो तेल त्यही बुट्टामा जमी त्यसमा धुलो बस्न गएपछि कडा लेपको रूपमा रहेको थियो। यो कालो लेपले गर्दा ती बुट्टेदार कृतिहरू सबै त्यहींभित्र रही कुनैपनि बुट्टा राम्रोसंग नदेखिने भएकोमा बडो मुश्किलले सफा गरी रसायन प्रयोग गरियो। अहिलेसम्म पनि उत्तरतिरको गाह्रोमा सानो भाग नमूनाको रूपमा त्यसै छाडिएको छ। यो मन्दिरको सम्पूर्ण काम समाप्त गर्न करीब १५ महीना जति लागेको थियो। जीर्णोद्धार कार्य शुरू गर्नु अगाडि त्यो कालो लेप विषय Rome Centre र लखनऊस्थित नेशनल कन्जरभेसन अफ कल्चरल प्रोपर्टीमा नमूना पठाई त्यसमा कुन रसायन प्रयोग गर्ने भन्ने बारे सोधी पठाएकोमा कुनै ठोस प्रत्युत्तर प्राप्त नभएपछि यहाँका रसायनविद्हरूको सल्लाहले अमोनिया

लिक्विद प्रयोग गरेपछि उक्त लेप सफा गर्न सफल भयो। उक्त रसायन दुई तीन पटकसम्म दोहऱ्याउनु परेको थियो। बडो धैर्यसाथ महीनौं लगाएर सो काष्ठकृतिमा लागेको कालो लेप हटाइएको थियो।

महादेव मन्दिरको जीर्णोद्धारको काम समाप्त भएपछि विष्णु पादुका मन्दिरको जीर्णोद्धारको काम शुरू गरिएको थियो। महादेव मन्दिरभन्दा पनि जीर्ण अवस्थामा पुगेको यो मन्दिर जंगबहादुरका माता रानी गणेशकुमारीबाट बनाइएको थियो। वि. सं. १९१४ मा नारायणको मूर्ति राखी सानो मन्दिर र १८ वटा विष्णु-का पाउ राखी पाटी जस्तो बनाइएको उक्त मन्दिरको तोरणमा भएको निम्न अभिलेखले प्रष्ट पारेको छ–

"स्वस्ति श्री सम्वत १९१४ साल मिति माघ सुदि परोक्ष ४ का दिन श्री गोकर्णेश्वर स्थानमा श्री ३ वडा महारानी गणेश कुमारीबाट स्थापना गऱ्याको श्री गजाधरजीका मन्दिरभित्र सुनको ढोका, थाल, गजुर बनाई भैमा तामा-ले छोपी श्री इश्वर अर्पन गरी चढायां श्वस्ति–"

वागमती नदीको डिलमा अवस्थित यस मन्दिरमा हरेक वर्षात्मा आउने बाढीले मन्दिरलाई धेरै नोक्सान पुऱ्याएको थियो। मन्दिरभित्र पानी पसी जमीन भास्सिन जाँदा मन्दिरका मुख्य थामहरू आफ्नो स्थानबाट सरेर मन्दिरलाई र जगलाई समेत्त प्रभाव पारेको थियो। जग भास्सिन गई मन्दिर समेत एकातिर ढल्केकोले जीर्णोद्धार गर्दा फेरि उक्त कुरा नदोहोरिने दिन प्रयास गरियो। बागमतीको डिलमै भएकोले पानीले प्रभाव पार्नु संभव थिथो। त्यसकारण पूरा मन्दिरलाई जगैसम्म भत्काई जगमा ५ लाइनको डण्डीको १½×१½ फीटको फ्रेम बनाई चारैतिर राखी त्यसमा ढलान गरिएपछि मात्र 'दची अप्पा' को गाह्रो उठाउने काम गरिएको थियो। यस मन्दिरको थाम, दलिन, मुसी, मुठल, फलेक, मेठ सबै ९० प्रतिशत नयाँ बनाइयो। यस मन्दिरको कार्नेस पनि सबै पानीले बिग्रिसकेको र ठाउँ ठाउँमा हराइसकेकोले सबै नयाँ बनाई राखियो। महादेव मन्दिरमा जस्तै यस मन्दिर-मा पनि प्रयोग गरिने र गरिएका सबै काष्ठकृति, काठ, फलेक, माटो र झिङगटीमा पनि रसायन प्रयोग गरियो। टुँडालहरू धेरै कीराले खाएकोले केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशालामा पठाई रसायनविद्हरूबाट राम्रोसंग अध्ययन गरी रसायन प्रयोग गरी संरक्षण गरेर मात्र मन्दिरमा प्रयोग गरिएको थियो। छाना छाउने काम सकिएपछि भित्री काम गरियो र भूईंमा रहेको विष्णु पादुकालाई फेरि पुरानो ठाउँमा लगाइयो। यो विष्णु पादुकाको आफ्नै महत्त्व छ। काठमाडौं उपत्यका र बाहिरबाट समेत आउने यात्रीहरू त्यही विष्णु पादुका-माथि श्राद्ध गर्दछन्। उक्त स्थानमा श्राद्ध गर्दा मृतकहरू स्वर्गमा बास पाउँदछन् भनी विश्वास गरिन्छ। यो मन्दिर छूट गुठी अन्तर्गत रहेको र यस मन्दिरको पूजा र हेरविचार गर्न पूजारी बाहेक आठ जना चौकीदार पनि राखिएको छ र यसमा आठमध्ये चार चार जनाको राती पालो बस्ने व्यवस्था छ। पूजारीको परिवार बस्न यही मन्दिर पछाडि एउटा पाटी पनि बनाई रानी गणेशकुमारीले पूजा पर्व चलाउन गुठी समेत राखिदिएकोमा अहिले सबै गुठी संस्थान अन्तर्गत पर्न गई उक्त संस्थानबाट नै सबै खर्च ब्यहोर्ने गरेको छ। त्यसरी फलामको डण्डी हाली जग बलियो बनाएको हुनाले अहिले मन्दिरको अवस्था राम्रो छ।

यस मन्दिर जीर्णोद्धार गर्दा यसैसंग सम्बन्धित गजाधर नारायण पाटीको पनि मर्मत गर्ने कार्य शुरू भयो। यस पाटीमा पहिले महादेव मन्दिर र गजाधर नारायण मन्दिर (बिष्णु पादुका) मा जस्तै झिङ्गटीको छाना राखिएकोमा २०१६ सालमा भएको जीर्णोद्धार कार्यमा जस्ताको छाना छाइएको र उक्त छानाको आधाजसो जस्ताहरू खसी त्यहीं खुला ठाउँबाट पानी चुहिन गई पाटीको आधा भाग ढल्ने अवस्थामा पुगेकोले त्यस स्मारकको जीर्णोद्धार गर्नु आवश्यक भएको थियो। यसपल्ट जीर्णोद्धार गरिंदा पूर्णरूपले पुरातात्त्विक सिद्धान्त अनुसार रासायनिक प्रविधिद्वारा गरिएको छ। छानामा जस्ताको सट्टा पुरानै किसिमले झिङ्गटीले छाएको छ। झ्यालहरूमा अगाडिको दुवै झ्याल जीर्ण भएकोले नयाँ बनाई लगाइयो भने यस पाटीको अगाडिको खण्डमा साधारण टुँडाल र पछाडिको खण्डमा बुट्टेदार टुँडाल राखिएकोले त्यसै प्रकारबाट जीर्णोद्धार गरिएको छ। समय समयमा भएको जीर्णोद्धार कार्यमा चारैतिरको गाह्रोमा बेसाइजका ईंटा लगाइएका

हुनाले ती सबै झिकी पुरानो ढंगको दची ईंटाले गाह्रो लगाइयो। छानादेखि लिएर पहिलो तलामा प्रयोग गरिएका दलिन र फलेकहरू पानी चुहिएर मक्किएकोले सबै नयाँ फेर्नु परेको थियो। भित्री भागहरूमा जहाँ नयाँ थप गरी बनाइएको थियो, सबै हटाई पुरानो रूप प्रारूप जस्तो थियो, त्यस्तै बनाई अहिले पनि पूजारी परिवारहरूले प्रयोग गरेका छन्। कुसे औंसीमा यहाँबाट ३६५ सीदा दान दिने र सो लिन आउने जोगी, ब्राह्मणहरू उक्त पाटीको अगाडिको ढोकाबाट आई पछाडिको भरेङ्गबाट जाने परम्परा भएकोमा पछाडिको भरेङ्ग बिग्री हिंड्न नहुने भएकोमा अहिले सोको पनि उपयोग गर्ने गरी बनाइएको छ। यो पाटीको जीर्णोद्धार गर्दा महादेव मन्दिर र विष्णु पादुका मन्दिरमा जस्तै पूरा रासायनिक प्रक्रियाद्वारा गरिएको छ। उक्त पाटीको जीर्णोद्धार भएकोले अहिले गोकर्णमा पर्व चलाउन आउने, पूजापाठ गर्ने र श्राद्ध आदि गर्ने भक्तजनहरूलाई बस्ने ठाउँ भएको छ। नव यात्रुहरूलाई बाहिरी खुला भागमा बस्नुपर्दा अप्ठेरो नै थियो। यस्ता प्राचीन स्मारकहरूको सकेसम्म पुरातात्त्विक ढंगबाट मर्मत संभार गर्नु हामी सबैको कर्त्तव्य हुन आउँछ।

गोकर्ण क्षेत्रमा रहेका प्राचीन स्मारकहरूको जीर्णोद्धारको सिलसिलामा उपर्युक्त तीनवटा स्मारकको कार्य समाप्त भएपछि मुक्तिमण्डल भजनघरको जीर्णोद्धारको काम गरियो। एक तला मात्र भएको यस पाटीमा माथि जोगी, यात्रु बस्ने र भूईं तलामा भजन गर्ने उद्देश्यले बनाइएकोमा पछि त्यहाँ बस्न आउने साधु सन्तहरूले उक्त खुला पाटीलाई चारैतिरबाट पर्खाल लगाई कोठा बनाई बस्न सजिलो पारेको थियो जसले गर्दा त्यहाँ बसेर भजन गर्ने परम्परा नै हराएर गइसकेको थियो। त्यहीं बसेका एकजना जोगीले जीर्णोद्धार कार्य गर्न जाँदा हामीलाई खुकुरीले प्रहार समेत गर्न आउँदा काम गर्न अप्ठेरो परी प्रहरीको सहायता लिएर उसलाई त्यहाँबाट हटाएपछि मात्र त्यहाँ काम शुरू गर्न सकिएको थियो। त्यस पाटीमा पछि थप गरी बनाइएका सबै गाह्रो-हरू भत्काई पुरानै तरीकाले सबैतिर खुला गरी खुला पाटीको रूपमा मर्मत गर्दा त्यहाँको वातावरण र अरू स्मारकहरू समेतमा मेल खाने गरी यसमा भएको जस्ता छाना हटाई झिङ्गटीको छाना लगाइएको हो। कार्य सिद्धान्तमा जस्तो अरू स्मारकहरूमा गरिए त्यसरी नै यस पाटीमा पुरातात्त्विक ढंगबाट रासायनिक प्रविधिद्वारा जीर्णोद्धार गरियो। उक्त पाटीको काम समाप्त भएपछि त्यहाँका जनताले त्यहाँ चारैतिर छरिएका मूर्तिहरू हराउने संभावनालाई ध्यानमा राखी त्यसैमा राख्न अनुमती मागेको-ले अहिले उक्त छरिएका मूर्तिहरू त्यहाँ सुरक्षित ढंगबाट राखिएका छन्। त्यहीं पाटीमा अहिले बिहान बेलुकी परम्परागत रूपमा भजन हुन थालेको छ। जे भए तापनि जुन उद्देश्यले स्मारकहरूको निर्माण भएको हो, सो उद्देश्य पूरा गर्न सके कार्य सफल भएको मान्न सकिन्छ।

उक्त क्षेत्रमा सबैभन्दा पछि जीर्णोद्धार गरिएको स्मारक गोकर्णेश्वर पाटी हो। गोकर्ण महादेव मन्दिरको मूलपूजारी बस्न र उक्त मन्दिरको पूजा सामान राख्न बनाइएको पाटी पनि विष्णु पादुका मन्दिर जस्तै वागमतीको डिलमा भएको र वागमती नदीले सो डिलको कटान गरिरहेको हुँदा उक्त कटानबाट सो पाटीलाई बचाउन त्यहाँ रिटेनिङ्ग वाल बनाउनु आवश्यक भई सम्बन्धित निकायहरूलाई अनुरोध गरिएको छ। पाटीको मर्मत कार्य समाप्त भैसकेको छ। यस पाटीको जीर्णोद्धारले गर्दा यात्रीवर्गलाई बास बस्न प्रशस्त ठाउँ भएको छ। जे भए तापनि सम्बन्धित निकायले वागमती नदीको कटानबाट बचाउनै पर्दछ।

उक्त क्षेत्रमा भएका सबैभन्दा राम्रो मूर्ति पार्वती मूर्ति हो। अन्दाजी १२ औं शताब्दितिरको उक्त मूर्ति धेरै राम्रो छ। सो मन्दिरको जीर्णोद्धार हुनु आवश्यक छ। चारैतिरका प्राचीन स्मारकहरूमा झिङ्गटी छाना राखी पूरा पुरातात्त्विक ढंगबाट जीर्णोद्धार गरिएकोमा उक्त एउटा मन्दिर जस्ता छाना भएकोले वातावरण सुहाउँदो भएको छैन। त्यहाँको वातावरण समेतको सुधार गर्न पार्वती मन्दिर र वागमती नदीको छेउमा रहेका शिवालयहरूको मर्मत हुनु आवश्यक छ। अहिले उक्त क्षेत्रका पञ्च, सर्वसाधारण जनता, भक्तजन आदि मिलेर गोकर्ण क्षेत्र सुधार समिति पनि गठन गरेको बुझियो। श्री ५ को सरकार, पुरातत्त्व

विभाग र वाशिङ्गटनस्थित वर्ल्ड मनुमेन्ट फण्डको संयुक्त आर्थिक सहयोगबाट जीर्णोद्धार गरिएका यी सबै प्राचीन स्मारकहरूको उक्त सुधार समितिबाट राम्रो संरक्षण होला भन्ने आशा राख्न सकिन्छ। तर एउटा कुरा के छ भने कुनै पनि थपघट, नयाँ निर्माण आदि काम गर्दा वा गर्ने विचार भएमा अथवा स्मारकसम्बन्धी समस्या आदि परेमा उक्त समितिले पुरातत्त्व विभागसंग राय सल्लाह लिने अथवा खबर गर्ने कार्य गर्नु पर्दछ। यसरी पुरातत्त्व विभागको राय सल्लाह अनुसार समितिले काम गरेमा उक्त समितिलाई पनि काम गर्न सुविधा हुने र सम्बन्धित निकायलाई पनि प्राचीन स्मारकको जीर्णोद्धार गरिएकोमा सन्तोष हुनेछ।

गोकर्ण मन्दिरमा रहेको तामाको जलहरी धेरै जीर्ण भई स्नान आदि समेत गर्न बाधा परेकोले स्थानीय जनताले श्री ५ को सरकारमा उक्त जलहरी मर्मत गर्न अनुरोध गरेका थिए। श्री ५ को सरकारबाट चाँदीको नयाँ जलहरी बनाई पुरानोलाई यथावत राखी त्यसैमाथि सो नयाँ जलहरी राख्न वार्षिक बजेटको निकासा भएको हो। पन्ध्रसय तोला चाँदीको उक्त जलहरी यहींका कालीगढहरूबाट बनाएका हुन्। जलहरी तैयार भएपछि कालीगढहरूलाई मन्दिरभित्र जान नदिइएकोले उनीहरूको निर्देशनमा पूजारीबाट नै जडान गरिएकोमा मुश्किलले उक्त काम सम्पन्न भएको थियो। चाँदीको जलहरी राखिएपछि मन्दिरको सुन्दरता र भव्यता अझै बढेको छ।

सहायक पुस्तकहरू

1. Building Conservation in Nepal, -MR. John Sandey, UNESCO Publication.
2. Master Plan for the Conservation of the Cultural Heritage of the Kathmandu Valley, Mr. John Sandey, UNESCO Publication

३. मेचीदेखि महाकाली, भाग २

४. नेपालमा पुरातत्त्व –डा. साफल्य अमात्य

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

२०. अफिसर गैरह– पल्टनलाई जङ्गी अैनको उर्दि–

उद्योगे अध्याय २३ विहुला पत्र सम्वादे

क्षेत्रियका कुलता जन्म्याको जो पुरुष आफ्ना सामर्थमा फिक तेज पराक्रम जो देखाउदैन. त्यो क्षत्रिको नाम धान्याको चोर हो भनि जान्या भन्दछन्– १

इन्द्रका पराक्रमले जस्तो संपूर्ण देवता सुख पूर्वक रहंछन्. तस्तै मनुष्यमा पनि जो वीरका पराक्रमले संपूर्ण दाज्यू भाईहरू सुषपूर्वक षाईकन वढदछन् तेहि वीरको जीवन सार्थक जिनु हो अर्को होइन– २

जो विर आफ्ना वाहुका वलको भरोसा गरि अरु मनुष्यकन जियाउछ त्यो वीर यमलोकमा वडो जशकन पाई परलोकमा उत्तम गरिकन पाउला– ३

उद्योगे अध्याय १२६ मा राजा दुर्योधनले भन्याको

हे कृष्णजि आफ्ना क्षत्रिय जातको धर्म वरण गरिकन जुद्धमा हतियारले हामी मर्न पाउला त. स्वर्गलोकमा जाउला त– ४

हे कृष्णजि जुद्धमा मरिकन सरका विछ्योना मासु तौलात. हामि क्षेत्रिय जातको तेहि मुष्य धर्म हो– ५

क्षत्रियका कुलमा जन्म्याको क्षत्रियका धर्मले जीविका गर्याको मुष कस्तै आपत्तिमा भयले शत्रुलाई प्रणाम गरि जीविकाकन चलाउला– ६

राजधर्ममा भिष्मले भन्याको

छलले गरि जौन राजाले जितछ तेसलाई स्वर्ग पनि हुन्दैन तस्को राज्य पनि रहदैन– ७

कवच नभयाकालाई जुद्ध गर्न शक्तिन. तस्रा चरणमा पर्‍या भन्यालाई र प्रणाम गर्न्यालाई हतियार आफ्ना लीकन वस्याकालाई पक्रिकन नमार्नु– ८

मनुस्मृतिमा भन्याको

प्रजाकन पालन्या गर्न्या राजा आफु वरावरको र आफु भन्दा घटि वढि जो कसैले पनि जुद्ध गर्नालाई हाक दियो भन्या क्षत्रियको धर्म जानि जुद्धदेखि नफर्कनु शूरो भै लडनु– ९

जो पुरुष डराउन्या संग्राममा पीठ फर्काई भागि आई विचमा अरूका हात देषि मर्ला. त्यो पुरुष आफ्ना मालिकको ज्या केहि पाप छ. त्यो पाप लिकन नर्कमा जांछ– १०

जुद्धमा हति आई विचमा मर्न्या. पुरुषको स्वर्गलोकलाई जन्मभर गर्‍याको जो पुण्य थियो त्यो सवै पुण्य तेहि पुरुषका मालीकलाई हुन्छ– ११

परासर धर्म शास्त्रे

जुद्धमा गयाका मानिसले सन्मुख भै. जो पीठ देखाई फिर्दछ तेसकन पाइला पाइलामा ब्रह्म हत्याको पाप लाग्छ– १२

जुद्धमा जय भयो भन्या लक्ष्मि प्राप्त हुंछीन् कदाचित् मऱ्यो भन्या पनि स्वर्गलोक मिल्छ तस्कारण शूरालाई दुवै तरफ पनि वढिया भयाको क्षण क्षणमा नाश हुन्या येस्ता शरिरकन जुद्धमा मर्नु अति उत्तम छ– १३

जोगले युक्त भयाको संन्यासि जुद्धमा सन्मुख भै मऱ्याको वीर ई दुवै सूर्य मण्डल नाधि उर्द्ध लोकमा जांछ– १४

शत्रुका माझमा पऱ्याको कति पनि कठिन वचन नवोलन्या यस्ता वीर सन्मुख भै जउन जउन जुद्धमा शरिर त्याग गर्छन् तेसलाई अक्षय स्वर्गादि लोकमा वास मिल्छ– १५

जउन विर जुद्धमा शत्रुका हतियारका चोट लागि कपाल देषि गिऱ्याको रगत मुखमा पर्दछ तेस वीरलाई सोम यज्ञमा सोमलताका रसपान जस्तो भै अक्षय स्वर्ग-वास हुंछ. तेसले गऱ्याको संग्राम पनि सोम योग जस्तो उत्तम कह्याको छ– १६

क्षत्रियले विशेष गरि छातिकन वज्र झै कठोर गराई शत्रुलाई मार्नु. ताहापछि शनि शत्रु भयाको राज्य पाई मनकन वस गराई जज्ञदानादि पुण्य कर्म गर्नु भनि युधिष्ठिर महाराज प्रति अर्जुनले विन्ति गर्दा भया– १७

सर्पले मुसालाई निल्या झै जुद्ध नगर्न्या राजा घरै मात्र वस्न्या ब्राह्मण ई दुईकन पृथिवी निल्दछीन् भनि वेद व्यासले युधिष्ठिर महाराजा प्रति विन्ति गऱ्या– १८

भिष्म पितामहले युधिस्थिर महाराजालाई शिक्षा गऱ्याको–

क्षत्रिय जात भै जो पुरूष जुद्धमा गै शरिरमा घाउ पनि नलगाई जो फिर्दछ. तेसले गऱ्याको तेस कर्मलाई अधि अधिका कुरा जान्या ऋषिहरू निन्दा गर्दछन्– १९

जस्तो अश्वमेघ जज्ञ समाप्त गरि जज्ञाव स्नान गऱ्यापछि संपूर्ण पाप नष्ट भै अति पवित्र हुन्छ तस्तै धर्म हवस् भन्या क्षत्रियले विशेष गरि जुद्ध गर्नु– २०

यो वीर कति नडराई वाण वृष्टि गर्न शत्रुका उपर जुद्धमा जांछ देवताहरुले तेस पुरूषका तेस कर्म भन्दा उत्तम कर्म अर्को केहि देषदैनन्– २१

जुद्धमा गयाका जो वीरका शरिरका छालामा जति हतियारको चोत लाग्छ तेस्ता वीर परलोकमा तेति प्रमाण इन्द्रादि देवताका पछिल्ला लोकमा संपूर्ण कामनाले जुक्त भयाको धेरैसम्म वस्त छन्– २२

जुद्धमा गयाका वीरका शरिरदेखि हतियारका चोतले निकाल्याको रगत वहंछ त्यो रगत पनि जब सुकि सकछन् क्षणैमा सबै पापदेखि मुक्त हुंछ– २३

जुद्धमा गयाका क्षत्रियले जति हतियारका व्यथा सहंछ. तेहि दु:ख सहनाले क्षत्रियको तपस्या परिपूर्ण हुन्छ भनि संपूर्ण धर्म जान्या पुरुष कहंछन्– २४

देषदामा वरोवर स्वरूप भयापछि पुरुषको संग्राम विषे वडो अत्तर देषिछ जो शूरो हुंछ शत्रुसंग लडन जान्छ जो कातर छ त्यो पुरुष हति जांछ– २५

जो पुरुष जुद्धमा गयाका आफ्ना पक्षपात छोडी केहि घाउ पनि नलगाई भागि आउंछन् तेस्ता अधर्म पुरुषकन कोहि स्वास्निले पनि पृथिवीमा नजन्माउन हे वावु जुधिष्ठिर भनि भिष्म पितामह भंछन्– २६

जो पुरूष जुद्धमा आफ्ना पक्षे छोडी आफ्ना ज्यूको रक्षा गर्ना निमित्त इछाले भागि आउछन् तेस्ता पुरुषको सर्वदा इन्द्रादि देवता कुभलां गर्दछन्– २७

जो जुद्धमा भागि आउछन् तेसलाई राजाहरूले काठको डल्लाले हानिकन मारुन् अथवा घांसले पुरि आगो लगा-उन अथवा पशु मार्या झै मारुन्– २८

असामर्थ भै कफ मलमूत्र जताजतै छोडदै वहुत विलाप गर्दै क्षत्रिले विछ्याउनामा जो मर्नु हो त्यो अधर्म हो रणभूमिमा मर्नु धर्म हो– २९

जो क्षेत्रिय जुद्धमा हतियारका घाउ सरिरमा नलगाई उसै मर्छ तेसले गऱ्याको संपूर्ण कर्म अधि अधिका रिति जान्या कोहि पनि सधानि गर्दैनन्– ३०

जुद्धमा शत्रुलाई कत्ल गरि आफ्ना पक्ष पक्षले जुक्त भयाको वैरिका वाण प्रभृति हतियारले शरिरमा वहुत घाउ लाग्याको क्षेत्रि तेहि कालमा अथवा कालांतरमा मरणमा योग्य हुन्छ– ३१

अनेक उपाय गरि लडाञ्जीका अगाडि रहन्या वैरिलाई पीठ नदेषाईन्या जुद्धमा शरिर त्याग गर्न्या वीर इन्द्रलोकमा जान्छ– ३२

जो वीर वैरिका लस्करको मालिकलाई मारि तेसैका वाहनमा सवार गर्न्या वीर जो छ तेहि कालमा अथवा कालान्तरमा मर्न्यापछि वृहस्पति समान अति राम्रो शरिर भै आकाशमा स्वेछा षेलदछन्– ३३

जो वीर जुद्धमा गैकन शत्रुको फौजको मालिक अथवा तिनैका छोरालाई अथवा लस्करमा जो मुख्य छ तेसकन जिउदै पक्रि ल्याउंछ तेसले जान्या लोक मेरा लोक समान अति उत्तम छन् भनि भिष्म पितामह भंछन्– ३४

जुद्धमा मर्न्या वीरकन जात भाइले सो कन गर्नु जुद्धमा मर्न्या वीर स्वर्गलोकमा बडो सुविस्ता पाइरहंछन् तस निमित्त उस्को सोक नगर्नु जोग्य छैन परन्तु जुद्धदेखि भागि आउन्या अधर्म पुरुष मरिकन कौन लोकमा जानन् भनि शोक गर्नामा जोग्य हुन्छ– ३५

स्कन्द पुराणका मार्ग शिर्ष मैन्हाका माहात्म्यमा

अध्याय १८ मा भन्याको–

वैवस्वत मनुको छोरा इक्ष्वाकु राजा व्याधाका लस्कर ली कोहि वनमा सिकार खेलन गयामा छोरा र स्वास्नि स्मेत भै वस्याको मत्ता वनेल थियो तेसलाई वनेल निभछे. व्याधा स्मेत इक्ष्वाकु राजा यस वनमा सिकारमा आयाका छन् हामीलाई मार्नेन् तसर्थ भागि जाउं भनि भन्दा त्यो वनेल आफ्ना शौर्य धैर्यले युक्त भयाका वचन भन्दो भया इक्ष्वाकु राजा मलाई मार्छन् भन्या मलाई अवश्य विश्नु लोक मिलन्या छ. पूर्व जन्ममा क्या पाप गर्‍या छु. पापिष्ट यो वनेलका जोनिमा जन्म भयां त्यो पाप म जान्दिन– ३६

पूर्व जन्ममा गर्‍याका तेहि पाप रुपि हिलाक. न इक्ष्वाकु राजाका तिखा वडा उखले सहनं सकिन्या अति डरलाग्दो यस्ता वाण रुपि जलले पखालिकन म शुद्ध हुन्छु हे स्वास्नि तिमी छोरा नाति लीकन मसंगको माया प्रीति छोडिकन पर्वतमा जाउ म भन्या राजा नजीकना आइ पुग्या इन्का हात देखि मरन पाया उत्तम गति पाउंला– ३७

यस्तो वनेल वनेलनीको कुरा हुंदामा राजा र व्याधाहरू अगाडि आइ पुग्या र तिनको र अरू वनेलको भयंकर जुद्ध हुंदामा व्याधाहरुले वनेल पनि मारिया कोहि व्याधा वनेलले पनि मारिया. सात छोरा र स्वास्निले सहित भयाको येक तेहि वनेल मात्रै जुद्धका वर्गतले जुक्त भयाको जुद्धका निमित्त रहदो भयो तेस वखतमा वनेलनी भंछे. हे प्रिय वालक छोरा मैले सहित भै. येस वनदेषि निकलि जाउं– ३८

स्वास्नीका वचन सुनि वनेल भंछे, हे प्रिये भागिकन जानु योग्य छैन. भागिकन रहन्या ठाउ पनि छैन. दुई सिंहका माझमा आई सिंह पानि पिउंछ. दुई वनेलको माझमा आई सिंह पानि पिउन सक्तैन यस्तो हामि वनेल जातिको वल हो– ३९

भागिकन जांदा त त्यो वल सव व्यर्थ हुन्या छ. जुद्ध रुपि तीर्थ छोडी भागन्या महापापी हो. येस्मा संदेह छैन. जो जन संतुष्ट भै जुद्ध गर्नाकन जांछ. तेसलाई पाईला पाईलामा स्वास्नीले स्मेत भै गर्‍याका गंगा स्नानको फल मिल्छ जुद्ध देषि भागि जान्याकन संपूर्ण तिन लोकमा वस्न्याहरूले उपहास गर्छन् घीन नभयाका पापि तेसकन सराप पनि गर्छन्– ४०

यस्तो धर्म जानिकन जुद्धदेषि कसरि भागुं तसकारण इ राजासित वडो जुद्ध म गर्दछु वालक छोरालाई लीकन तिमी वनमा जाउ.– ४१

वनेल वनेलनि दुई परस्परमा यति कुरा गरि पछि वनेल जुद्ध गर्नाकन राजाका लस्करमा जांदो भयो इक्ष्वाकु राजा पनि सव आफ्ना लस्कर वनेलले मारियाको देखिकन रिसाई तेहि स्वन्त वनेल मार्नकन जांदा भयो तेस वखतमा वनेलको र इक्ष्वाकु राजाको डरलाग्दो जुद्ध भयो–४२

इक्ष्वाकु राजा जो छन् तिखा खड्ग लि तेहि वनेलका कम्वरमा साह्रै वलले हान्दा भयो. त्यो वनेल षड्गले कातियाको पनि उफ्रिकन राजाका घोडालाई मारिकन मूर्छा भै पछि मर्दो भयो– ४३

तेहिवर वनमां वनेलमाथि देवताहरुले फुलका वुंद वर्साई दिया त्यो वनेल पनि जुद्धमा शरिर त्याग गर्नाले

चतुर वाहु भगवानका स्वरूप पाई विमान चढि इन्द्रादि देवताले स्तुति गरियाको स्वर्ग लोकमा जांदो भयो–४४

वाटामा फौज लस्कर षजाना रसद हिडाउदाको वन्देज

पैल्हे फौज हिडाउदा २।२ हजारको फौज १।१ दिन फरक गरि हिडाउनु– १

फौज भन्दा २ पाउ अघि विकट घोडा चढन्या हिडाउनु– २

फौज भन्दा १ पाउ अघि अफिसर ५० सिपाहि दोस्रो विकट गरि हिडाउनु– ३

दोस्रो विकट हिड्याका १ पाउ पछि गंज पल्टन राषनु, ताहापछि वनु कवालाको षजाना राषनु ताहापछि गोलंदाज राषनु ताहापछि तोप राषनु ताहा पछि तोपको षजाना राषनु ताहापछि कमांडियेर रहनु ताहा पछि २ पट्टि सिपाहि राषनु. ताहापछि गैरह असवाफ रसदहरु राषनु. भरियाका संतरमा १ पट्टि सिपाहि राषनु सवभन्दा पछि २ पट्टि सिपाहि राषनु येहि तजवीजसंग फौज हिडाउनु ३ दिनलाई षांन्या रसद आफुसंग नभै फौज वाटामा नवढाउनु ३।३।४।४ को समावास गर्नु– ४

गुरु धर्माधिकारले भन्याको वचन. अघिवाट घ्यू हालि पानि पकाई अर्कोले पकायाको ढिडो षोल्या सुद्रदेखि वाहुनसम्म सवैले वरोवर षानु हुन्छ– ५

दाल भात षांदा वाहुनको वा छालाको लुगा नछोडाई आफ्ना आफ्ना जातका भात मिल्दोसंग वसि षानु हुन्छ. लडाञीमा जान घर छोडी गयापछि वाहुनदेषि सुद्रसम्म लुगा छोडाई षान्यालाई ५ रूपिञा जरिवाना होला– ६

वाटामा हिडदा दुस्मको फौज देषियो भन्या अगाडि घोडावाला विकटले वन्दुक पटकाउनु सो सोर सुनि दोश्रा विकटले वन्दुक पटकाउनु इ दुवै विकटवाला भागि गंज पल्टनमा मिलन आउनु फौजले विकटका वन्दुकको सोर सुन्यापछि वन्दुक भरि तयार भै अडावाधि आफना मजुगुत होसियारसंग रहनु आइलाग्न्यासंग कमाडियेर अफिसरले उर्दि दिया वमोजिम फैर गरि लडनु– ७

फौज चलदा दाहिना वाञावाट ढुगो लडि फौजलाई लागन्या रहेछ भन्या तेस्तामा फौज नवढाउनु थामनु दाहिनापट्टि २५ वाउ पट्टि २५ छिटा षलि हुंदा सिपाहि टिपामा अगाडि पठाई. ताहा वैरि कोहि छ कि भनि हेरि वैरि छैन ढुंगाको थुप्रो रहेछ भन्या ढुगो लडाई निर्मल भयापछि फौज चलाउनु. फौज अगाडि गै सकिन्या पछि विकट वालालाई झिकि. फौजमा मिलाउनु. ताहा त वैरि वस्याका रह्या छन् २५ जनाका वलले सकिन्या रहेनछ भन्या येतिसम्म वैरिको फौज रह्या छन् भनि अन्दाज गरि भागि आउनु र फौजमा समाचार कहनु– ८

फौजले येस ठाउंमा येति वैर रह्या छन् भन्या समाचार सुन्या पछि येति जवानले त्यो वैरि हटाउनु सकियेला भन्या अफिसरले तजवीज गरि तोप वन्दुक फौज पठाई अफिसरका उर्दि वमोजिम फैर गरि लडि वैरि हटाई अव भय छैन भन्या तजवीज गरि फौज चलाउनु– ९

वाटामा वारुढ षजाना चलाउदा वारुड. षजाना राष्याका जगामा ५ सै हातभित्र कसैले वन्दुक नराषनु. तमाखु नखानु चकमक गैह्र आगो नपार्नु चिराक वत्ति नलैजानु. षजाना असवाप गैह्रमा गोलि नलागन्या आगो नलाग्या तजवीज संग वचाउ गरि भरिया भागनन पाउन्या गरि १०० जना हुदा सिहि पठाई. येस्कुराको वचाउ गर्न्या काम गर्नु वन्दुक अघि पछि गरि राषनु– १०

वाटामा लस्कर हिडाउदा कसैको धन दौलत अनाज तर्कारि भाजि कसैले लुट्यो भन्या लुटन्यावाट लुटियाका मालको दोवर विगो भराई ५ वेद हानु. कसैको स्वास्नि फौजले विगाऱ्यो भन्या तेसलाई १० रूपिया नगद जरिवाना गरि ३० वेत हांनु– ११

लंगुर पार पुग्यापछि तोप वन्दुक वारूद गोला गोलि कमान च्यापसा छुरि भाला फर्सा गैरह हतियार विराना मुलुकका अफिसर सिपाहि रैयत कसैसंग नराषनु सवै लिनु– १२

कोहि जगा आफ्नु सर भयाको भया पनि दुस्मनलाई

उस जगाले सिकिस्ति लाग्दैन उस्का फौज बढता आफुलाई सिकिस्ति लाग्छ भन्या सिकिस्ति नलागन्या जगा हेरि आफनु आड़ मजगुत गरि वस्नु– १३

कहिकिल्ला विकट जगा मौडा गल्फा नदि साधुनाउ आफुले रोकदा दुस्मनलाई सिकिस्ति लागन्या छ भन्या जस वषत सुन्यो देख्यो चाडो गै हस्त वस गरिहालनु– १४

गैरह अफिसरहरु कप्रेलतकका जेवमा कलम मसि कागज रहोस जाहा जुन षवर परिआयो जसले देख्यो सून्यां वुझि मुनासिव कुरो षडाषडै लेखि आफ्ना कमांडियेर लाई पठाउनु– १५

पल्टनका फौजको मुलुकको हटना वढनाको आफुदेखि पूर्व पश्चिम रह्याका फौजको लडाञीको दुस्मनको षजानाको रसद कोट्याइन्याको जो चाहिन्या गैरहको षवर चाडो पाया होसियार रहिछ चिठी लेषनाको र षवर वुझनाको वहुत ताकित गर्नु षवर नसुंदामा साहूँ अंदेसा पनि पछि वहु वाक्य पनि हुन्छ दुस्मनले येक मुहुदा हार षाया. अर्का मुहुदामा घामाग्छ. तसर्थ उस मुहुादावाट जो जवाप मिल्यो अन्तवाट पनि उहि जवाप वुझि गर्नु पर्छ– १६

दुस्मनको खान्या पिउन्या रसद र षर्षजाना औ भारी वोकन्या चौरी भेदा गैरह जनावर रह्याको थाहा पाई यो केहि जुक्तिले हात पार्नु हुन्या भया उत्तिखेर हात पारि हाल्नु– १७

दुस्मनको चिठी चपेता हिडन नदिनु वन्द गर्नु कदाचित् लुकाइंछ पाइ लग्यो भन्या पक्रि खोला गरी खोसि लिनु– १८

श्री ५ सर्कारिया षजाना रसद र वोकन्या भरिया र कोहि उमरा वसि पाहि गैरहको भरिया थलियो लोट्यो भन्या पछाडिवाला भरिया संभार गर्न्या पल्टनले तेस्ता थलियाका मानिस र तेसले वोकन नसक्याको भारि स्मेत अरुले गोहार गरि वोकाई वोकि डेरामा ल्याइ दिनु कदाचित् तेस्ता भरिया र भारि नउठाई छोड्या र भारि हरायो भन्या पछाडिवाला भारिको संभार गर्न्या पल्टनले र त्यस पल्टनका अफिसर स्मेतले निसा भर्नु पर्ला– १९

आफ्ना राज्य भित्र भरिया थलियो भन्या वेगारि पक्रि भारि वोकाई ल्याउनु डेरामा पुग्यापछि त्यो भारि वोकि ल्याउनालाई दुई आना मजुरी भारिका धनिवाट दिलाई दिनु– २०

विराना मुलुकमा पुग्यापछि वाटामा भरिया थलियो भन्या माथि लेषिया वमोजिम अरुले गोहार दि उठाई ल्याउना काम गर्नु विराना मुलुकमा डेरामा वसदा भरिया थलियो भारि उठाउन सकेन भन्या अफिसरले हेरि तजवीज गरि भारि उठाउन सकिन्या रहेनछ भन्या जसको भरिया हो उसलाई भारि र भरियाको संभार गरि पछि पछि आउनु भनि पछाडि छोडि जानु– २१

आफनु फौज चलाउदा मालिकले हिउंको वहुत वचाउ गरि चलाउनु हिउं पर्न्या समयमा पालले वचाउला भन्या भरोसा गरी नवस्नु– २२

वाटामा जांदा जनरलदेखि सिपाहिसम्म सिवानादेखि जसले तमाषु खानन् उसलाई जतिफेरा तमाषु खानन् उतिफेरा २।२ रुपिया जरिवाना गर्नु चादि पितल तांवो कांसो गैरह धातुको हुक्का लिलाम गर्नु नरिवल वांस गैरह अरु हुक्का चिलिम जसले देषछ फोरिदिनु– २३

जुन पट्टिका हुंदा सिपाहि पिपा षलासि घाइत्या भया बेरामि भया हेर्दा असक्य देषियो भन्या तेस्को जिउं जंगि तानावाना आफ्ना जनरलसंग फिमानिसलाई रोजको दुई आना मजुरि मागि ली वेरामी र तेस्का जिम्माको जङ्गि असवाप भरियालाई वोकाई वास वासमा पुऱ्याउनु. कदाचित् मजुरिदार भरिया पायेन भन्या आफ्ना पट्टि हुदा सिपाहि पिपाले हार गुहार गरि वोकाई वास वासमा लैजानु– २४

वास वसदाको वंदेज

वास वसदा चारैतिर पैरो नजान्या ढुंगो नलडन्या जगा हेरि चारदिशामा एक दुई तिर. विकट पारि. पानि ठुलो हेरि पैल्लो पल्टन येस ठाउमा दोस्रा पल्टन येस ठाउमा वस्नु भनि तजवीज गरि येस रितले डेरा गर्नु डेरावाट फुटफाट गरि लस्कर छिहिलिन डुलन नदिनु. राति डेरामा भजन गीत गाउन कसैलाई नदिनु– १

डेरामा जुन दिशावाट वैरि आई. राति डाका दिन आवला भन्या संदेह लाग्छ. उस दिशातिर लडन्या फौज

पारि उसका विचमा तोप राषि डेरा गर्नु– २

कमाडियेरले डेरामा पल्टनलाई दिन्या उर्दि, जुन ठाउंमा डेरा पर्छ राति डाका पन्यो भन्या येस जगामा फलाना पल्टनले लयेन वाधनु येस जगामा फलाना पल्टनले लयन वाधनु. फलाना पल्टनले येस दिशातिर फयेर गर्नु भनि जगा दिशा चिन्हाई उर्दि सुनाई कम्वर षोलन लाउनु–३

दुस्मनको मुलुकमा पुग्या पछि राति भात षाई सक्या पछि आफुले लायाका पोसाक लुगा दोचा जुत्ता सवै लगाई कम्वरमा हतियार भिरी वन्दुक तरवार दाहिना वाउ राषि चौकोस चनाषो भै सुतनु– ४

वास देखि ५ सै कदममा १ विकट उस्का ५ सै कदममा १ विकट फेरी उस्का ५ सै कदममा १ विकट येस्ता रित संग जुन दिशावाट वैरि आवला भन्या संदेह लाग्छ उस दिशामा ३।३ विकट राषनु– ५

जव दुस्मन आयो भनि पैल्हावाला विकटलाई थाहा हुंछ उसले वन्दुक पटकाउनु उ सोर सुनि दोस्रा वाला विकटले पनि वन्दुक पटकाउनु विकटवालाले वन्दुक पटकायाको जव रमनको अफिसरले सुन्दछ. कमांडियेर-लाई समाचार दि डेरामा विगुल पनि लाउनु, तमोरको रोल पनि लाउनु– ६

जव विगुल तमोर वज्याको सोर सुनिछ दिनमा उर्दि भयाका ठाउं ठाउंमा लैन षडा गरि अफिसरले उर्दि दियापछि फैर गर्नु अफिसरले उर्दि नदिज्याल र लैन षडा नहुंज्याल आफ्ना डेरामा सैकरौ मानिस मन्या पनि फैर नगर्नु– ७

राति डाका पन्यो भन्या कपतान अजिटनले वोलनु विगुल वजाउनु येति वोलिदेखि वाहेक जसले वोलला उसलाई कमांडियेरले भारि सजाय गर्नु– ८

राति डाका पन्यो भन्या लैन नवा धंज्याल र फेयर नहुंज्याल फलानाले फलाना ठाउंमा महटाप वालनु लैन वाधि फैर भया पछि मह टाप निभाउनु भनि षलासिका ज्मादारहरूलाई अघिवाटै उर्दि दि राषनु– ९

राति वासमा षजाना राषन्या तजवीज ज्मा जना ४ भाग गरि विचमा ४ ठाउं गरि राषनु कस्तो भन्या कदाचित् एका ठाउंमा लाग्यापछि तिन ठाउंमा षजाना वाचन्या तजवीजसंग राषनु अथवा षजानामा आगो लाग्या पनि मानिसलाई नपाउन्या गरि षजाना रह्याका ठाउंदेखि चौतरफ २ गोलिको दरेस पर फौज वस्नु– १०

आफनु फौज रसद षजाना घरमा राषन्या तजवीज गरि हिउ पर्न्या समयमा वष्नु हिउ पर्न्या समयमा हिउले वाटो घाटो वन्द हुन्छ वन्द भयाका वषतमा आफ्ना फौजलाई रसद पुग्न्या तजवीज गरि ताकित गरि वस्नु– ११

आफु वस्याका गाउंका वरिपरि षाई किल्ला कुंधा झाक्रा मजगुत गरि वस्नु. आफुलाई दारुवा गोल. घोडालाई घांस कुनाउरो भुस्साको सोच गरि राषनु– १२

लडाईलाई फौजको कुच भयापछि डेरामा वाटामा कच-हरिमा आफ्ना आफ्ना पल्टनका अफिसर पगरि हुदाले ठट्टा गर्न कसैलाई नदिनु. जो लडाञी लेषियाको जंगी ऋैन सुनि पढि वुद्धि वढन्या इलम जान्या कुरा गर्नु वेकामको काम कुरा केहि नगर्नु– १३

राति सुतदा षेरि रमन विकट पहरा ताजा गै रहंछन् रमन विकट छ भनि आफ्ना डेरामा सवैले सुनिरहनु डेरा पाल पिछे पालो पालो गरि येक जनाले जागा रहनु– १४

रमन विकट पहराले आफ्ना पाला भर सुत्यो भन्या तेस-लाई गोलि चलाई मारिदिनु– १५

फौजले डेरा गन्याका ठाउंदेषि माथि पानि छ. तेस पानि नेरा रतम्वु पालका नगिचमा जसले झाडा फिर्दछ उसै-लाई सोहर्नु लाउनु २ वेत पनि हांनु– १६

पालमा षजाना राषदा. षजानाका भारिले पालाका भित्रि कपडामा छुवाई राख्या पानि पन्यो भन्या षजानामा पानि पर्छ तस निमित्त पालका भित्रि कपडामा छुवाई षजाना नराषनु. पाल देषि अलग रहन्या गरि राषनु पाल टागदा पानि परोस् वा नपरोस पालका चारैतिर कुलो काटि राषनु– १७

कमांडियेर अफिसर सिपाहि गैन्ह र आफुभन्दा ठुला पगरिसंग वेअदविसंग वोलि प्रति उत्तर गऱ्यो भन्या सजाय जरिवाना गर्न्या वंदेज–

रमन पहरा जंगिकाज मद्दत पुगेन लडनु थामिकन लडनु हटनु वढनु जंगि असवाप सफा गर्नु रसद वांडनु १।२ छाक पुगेन ४ प्रहर रात ४ प्रहर दिन जस वखत आफनु पल्टन हिडा भन्यो हिडाउनु यस्ता तरहसंग कमान दिदा जनरलसंग कर्णेलले प्रति उत्तर गऱ्या कर्णेललाई रुपैया १०० कर्णेलसंग वडा कपतानले प्रति उत्तर गऱ्या रुपिया ५० वडा कपतानसंग कपतानले प्रति उत्तर गऱ्या रूपिया ३० कपतानसंग लेफटेनले प्रति उत्तर गऱ्या रुपिया २० लेफटेनसंग इन साइन सुवेदारले प्रति उत्तर गऱ्या रुपिआ १५ इन्साइन सुवेदारसंग ज्मादारले प्रति उत्तर गऱ्या रुपिया १० ज्मादारसंग हवल्दारले प्रति उत्तर गऱ्या रुपिया ५ हवल्दारसंग अमल्दारले प्रति उत्तर गऱ्या रुपैया ३ अमल्दारसंग सिपाहिले प्रति उत्तर गऱ्या रुपैया २ मुष नछोडि हात नछोडि येस रितसंग ठाडो वोलि प्रति उत्तर गर्न्यालाई येस हिसावसंग जरिवाना गर्नु मुष छोडन्यालाई येहि हिसाबको तिगुना जरिवाना गर्नु हात छोडन्यालाई नाउ काटि नेल गलफंदि ठोकि झेल-षानामा रवाना गरि पठाउनु हतियार चलाउन्या र पल्टनमा हुज्जत गर्न्यालाई दुवै यकै सैधुवा हुन् उस वखतमा जुन अफिसर फौजका मालिक छन् उस मालिक भयाको ठाउंमा ल्याई वेजा माफिक जंगि ऐन वमोजिम सजाय गर्नु– १

लडाञीका वीचमा सिपाहिले अफिसरलाई बेअदविसंग वोल्यो भन्या तेस्ता वोलन्याका हातको तरोवार हति-यार षोसि लि २ सिपाहि लगाई उस फौजका कमांडि-येरसंग लैजानु तेस्तालाई फौजका कमांडियेरले सजां गर्नु– २

लडाञी गर्दा यस्ता तरहसंग लडनु भन्या वन्देज–

लडाञी गर्दा अफिसरहरूले गर्न्या तजवीज जसै दुस्मनको फौज देषिछ झट्पट् आफ्नु पल्टन माफिकको जगा लिनु काल्हो आलि डिल पर्न गयाको रहेछ भन्या उस्को आड गर्नु फुरसत पाइयो भन्या जमिन षनि आफुलाई वचाउ गर्न्या अधिलतिर वाटाको आड वनाई ढुंगा मुढा राषनु– १

आफ्नु फौज भन्दा दुस्मढको फौज ढेर छ भन्या ८ सै कदमको तजवीज गरि तोपको गोला हानु ६ सै कदममा १६।२० गोलाको गिराफ हानु ४ सै कदममा फुटन्या गोला गिराफ हानु डेढ सै कदममा वरि आइ पुग्यापछि वन्दुकको वालि फयर फुटन्या गोला गिराफ वरोवर हांनु दुस्मनका लाम भै आयाको छ भन्या जंगि गोला स्मेत् हांनु– २

टेक्याको जमिन जो छ तेस्मा लडदा अफिसर फौज साफ भै लोट पऱ्या पनि मुहुडा नफिराउनु जो हटफासि पाउंला– ३

आफ्नु फौज भन्दा दुस्मनको फौज कम छ अथवा वरावर छ भन्या जस्ता रितले अघिल्ला तजवीजमा आड वाधनु भन्याको छ सोहि तजवीजले आड वाधी दुस्मनको फौज ७।८ सै कदममा जसै देखिछ घोडा नभयाको फौज छ भन्या आडका सिपाहि १००।१२० आडदेषि ४।५ सै कदम अघि पठाई दिनु उनिहरुले दुस्मनको गोलि नलागन्या ठाउंवाट अलिकति घांधु गरि वन्दुक पटकाई भाग्या झैं पारि आई आफ्नै आडमा मिल्नु– ४

आडका सिपाहि दुस्मनले देषदैनन् भन्या यो तजवीज गर्नु आडका सिपाहि दुस्मनले देषन्या भया १००।१२० सिपाहि अघि पठाउन्या तजवीज गर्नु– ५

जब दुस्मन १२०।२०० कदमका नजीक आउंछ फुटन्या गोला गिराफ वन्दुकको वालिफयर येकै चोटि वरावर गर्नु– ६

आफु फौज भन्दा दुस्मनको फौज मारिसकि तेवर कम भयो दुस्मन भागन्या कहि भीर छ वगन्या खोला छ भन्या यकै चोट वन्दुक भरि संगिन चह्राई दुस्मन भाग्या पछि हल्ला गरि लगार मार भनि अफिसरले कमान दि फौज

अफिसर समेत आडवाट वाहिर वैढाई लगारि मार्नु– ७

आफनु फौज वरावर रहिकन दुस्मन भाग्यो भन्या अफिसरले सिपाहिलाई आडबाट वैढाई लगार भनि कमान नदिनु जुन अफिसरले कमान देला अथवा कोहि सिपाहि विना कमानले वढला तसलाई जियको शासना होला– ८

दुस्मनले आड नवाधि मैदानैवाट लड्यो आफु फौजभन्दा डेढो ज्यादा छ भन्या आफुले पनि आड वाधि छातिको ढालगरि वरोवर भिरेर लडनु दुस्मनको फौज दुगुना छ भन्या जुन जमिनमा टेक्याको छ उहि जमिनवाट लडनु नवढनु– ९

किल्ला भित्र दुस्मन छ दुस्मनले हान्याको आफ्नु फौजलाई लाग्छ आफुले हान्याको दुस्मनलाई लाग्दैन भन्या तेस्ता किल्लामा सिपाहि पेलिकन नलडनु किल्लाभित्र फुटन्या गोला हान्या काम गर्नु उस्को किल्ला मुनि पारि आफ्नु तोप डाडा भाज्याङमा चढाई किल्लाभित्र गोला पध्न्या गरि हान्या काम गर्नु– १०

उति गरि किल्ला लिनु सक्या लिनु उतिगर्दा पनि सकियेन भन्या वन्दुकको मारू वचाई वचाई सिटि वनाई चारैतिर वाट हल्ला गरि भित्र पध्न्या काम गर्नु– ११

विचमा ठूलो षोलो छ पूल पनि छ आफ्नु फौज भन्दा डेढो ज्यादा दुस्मन को फौज छ भन्या कोस दुई कोससम्म पूल तरि मैदान भयापनि छातिको ढाल गरि दुस्मनसंग लडनु– १२

दुगुना तिगुना दुस्मनको फौज ज्यादा छ भन्या पूलका मुखमा भारी भारी तोप राषि उसै खोलाको आड गरि लडनु आफ्नु टोप ता पुग्याको छैन भन्या पूल काटी लडनु– १३

आफ्नु फौज पूलतरि पारि लडछ फौजलाई दुस्मनले दवाउन लाग्यो भन्या पूल वारिका फौजले पारिका फौजलाई मद्दत दिनु पूल काटन र डुंगा नाउ घोपट्याउना पछि नलागनु जुन अफिसर सिपाहिले पूल काटला डुंगा नाउ घोपट्याउला तसलाई फासि दिनु– १४

लडाञ्चीका वीचमा वन्दुक चल्यापछि फौजले हटन बढनलाई नवोलनु कपतान र अजिटन विगुलले वढ भन्या वढनु हट भन्या हटनु फौजका आफना मुनासिवले हटन्या वढन्या काम नगर्नु आफ्नु मुनासिवले हटन्या वढन्या काम गऱ्या फौजलाई वात लागला– १५

कपतान लेफटेन अजिटन इ तिनले वढाउन्या र थामन्या वखत बुझि हुकुम दिनु– १६

इन्साइन सुवेदार ज्मादार हुंदा सिपाहिले जस्तो कपतान लेफटेन अजिटनले उदि दिछन् सो माफिक हुकुम वजाउनु– १७

कपतान लेफटेन इन्साइन सुवेदार ज्मादार अजिटनले लडाईमा वन्दुकको आवाज भयापछि आफ्नु पल्टनको लैन भन्दा ४ हात पछि वस्नु येकछिन आफ्नु परेटलाई नछाडनु– १८

लडाईका वीचमा आफ्ना पल्टनको अफिसर कपतानलाई घा लाग्यो भन्या लेफटेनको कमान लेफटेनलाई घा लाग्या इन्साइनको कमान इन्साइनलाई घा लाग्या सुवेदारको कमान सुवेदारलाई घा लाग्या ज्मादारको कमान ज्मादार लाई घा लाग्या हवल्दारको कमान मानि आफ्नु ज्मामर्द राषि वाफज्यादाको नाम समझि निमकको सोझो चिताई आफ्नु मुलुकका इज्जतमजफ तरोवार ठाडो राषनानिमित्त छातिको ढाल गरि लडनु– १९

अगाडिको फौज दुस्मनसंग लडन्या छ त्यो आफ्नु फौज भाग्यो भन्या तेस फौजलाई मार्न्या गरि २ गोलिको दरेसपछि गरि अर्को आफनु फौज राषनु अगाडि वालालाई दुस्मनले साह्रै दवायो भन्या भागन्या फौजलाई मार्न राष्याका फौजले गोहार दिनु-- २०

दुस्मन फौजमा कसैलाई गोलि तरोवार लागि जमिनमा लोट्याका हिडन नसकन्यालाई फेरि चोट थपि कसैले मार्न्यो भन्या मार्न्यालाई पल्टनका अफिसरहरूले चिन्हु त्यो घाइत्या हान्याको नाउ लेषि राषनु तेस्को आफ्नु जुन दर्जामा कवुल गऱ्याको छ उस दर्जा देखि कैल्है नवढाउनु– २१

दुस्मनका फौजका केहि अफिसर सिपाहीले हतियार छोडि हामी सरणमा पऱ्यौ भनि विन्तिगऱ्या भन्या तेस्तालाई नमार्नु तिनीहरुका हातको हतियार षोसि आफ्नु सिपाहिले घेरा लगाई आफ्नु डेरामा ल्याई षातिर गरि राषनु भागन नदिनु– २२

(क्रमशः)

ABOUT THE AUTHORS

Mr. Shaphalya Amatya	-Officiating Director General, Department of Archaeology, H. M. G., Nepal.
Mr. Dilli Raj Sharma	—Assistant Lecturer, CNAS/T.U., Nepal
Mr. Kedar Nath Shrestha	—Campus Chief, Kabhre Campus, T. U., Nepal.
Dr. Ganesh Man Gurung	—Lecturer, Central Department of Sociology/ Anthropology & CNAS/T. U. Nepal.
Mrs. Shobha Shrestha	—Archaeological Officer, Department of Archaeology, H. M. G., Nepal.

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on side of the paper only sent to:

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.